**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- चर्को गर्मीमा रिड्टा लाग्ने ।
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- वर्षात्को मौसममा बासी खाना नखाऔं ।
- बजारबाट किनेर ल्याएको तरकारी राम्ररी धोएर उपयोग गरौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार २२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 06 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०४

## स्थानीय सरकारको महँगो करका कारण जनता पुर्जा बनाउन आएनन्

प्रस, परवानीपुर, २१ असार/

वीरगंज महानगरपालिकाको वडा नं ३० लालपर्सामा जनता नापजोख भएको जग्गाको लालपुर्जा लिन ढिलाइ गरिरहेका छन् । जसमा स्थानीय करको भाग मुख्य कारण रहेको बुझिएको छ ।



तस्वीरः फाइल

लालपर्साका साबिक नौवटा वडामध्ये साबिक १ र २ मा पहिले नै जग्गा दर्ता गरी पुर्जा वितरण भइसकेको छ भने अहिले ३, ५, ६, ७, ८, ९ नं वडाको दर्ता पुर्जा बनाउन सूचना प्रकाशन भए तापनि निवेदन नै दर्ता नभएको तीन नम्बर टोली प्रमुख रामप्रमोद राउतले बताए ।

यसको कारण स्थानीय सरकार अर्थात् वडा कार्यालयबाट अनिवार्यरूपमा सिफारिश लिनुपर्ने व्यवस्था छ । सिफारिश लिन जाँदा चर्को शुल्क तिर्नुपर्ने हुँदा वडावासीहरू पुर्जा बनाउनतर्फ उदासीन देखिएको नापी कार्यालय, पर्साका प्राविधिकहरू बताउँछन् ।

जस्तै लालपर्साका स्थानीय रामबालकप्रसाद यादवले २६ धुर जग्गाको सिफारिश गराउन रु ३१ हजार ५६२ महानगरपालिकाको अन्य शीर्षकमा दस्तुर बुझाउनुपरेको छ ।

यसरी सवा कट्ठा जग्गाको पुर्जा उठाउन साढे ३१ हजार कर तिर्नुपर्दा अधिकांश वडावासी कर तिर्नुपर्ने डरका कारण सिफारिश गराइरहेका छैनन् ।

सिफारिश नहुँदा उनीहरू नापी कार्यालय, पर्सामा निवेदन दिन पनि नआउने गरेको पर्साका प्रमुख नापी अधिकृत राकेशकुमार झा बताउँछन् । अहिले १० वटा निवेदन परेकामा चार/पाँच जनाले पुर्जा बनाएका छन् भने छ/सात जनाको काम प्रक्रियामा रहेको उनको भनाइ छ ।

१५-२० बिघाभन्दा बढी जग्गा पर्ने लालपर्साका जनता महानगरपालिकाको सिफारिश दस्तुर पहिलेका १६ वटा वडालाई मध्यनजर गर्दै तोकिएकाले ग्रामीण भेगका वडाको लागि सो दस्तुर घटाउन माग गरेका छन् ।

यसैगरी, नापी कार्यालय, पर्सामा वीरगंज-१८ भवानीपुर र वीरगंज-१९ विन्ध्यवासिनीको दर्ता पुर्जा वितरण गर्ने नापी कार्यालयको तयारी छ ।

## गरुडा नगरपालिकामा कमिशन दिनेको मात्र भुक्तानी

प्रस, रौतहट, २१ असार/

गरुडा नगरपालिकाले असार २४ गतेसम्म हुने भुक्तानीलाई लक्षित गरेर कमिशन दिनेहरूको मात्र भुक्तानी गरिरहेको आरोप लागेको छ । नगरप्रमुख कन्थमणि जयसवालका छोरा शैलेश जयसवालले कमिशन लिने र कमिशन दिनेहरूको मात्र भुक्तानी गराउँदै आएको बताइएको छ । कार्यादेश पाएका व्यक्तिहरूले दुई वर्षदेखि गरुडा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा लेखापाल समक्ष हारगुहार गर्दै आए पनि भुक्तानी नपाएको एकजनाले बताए । तर एक महीना अगाडि मात्र कार्यादेश पाएका व्यक्तिहरूको भुक्तानी भएको उनले जानकारी गराएका छन् । नगरप्रमुख कन्थमणि जयसवालका छोरा शैलेश जयसवालले भुक्तानीका लागि सबै प्रक्रिया पूरा गरेकाहरूको भुक्तानी भएको र कसैको छिटो र ढिलो नभएको बताए ।



तस्वीरः फाइल

तर उनी दैनिकी नगरपालिकामा बस्ने र कमिशन दिनेहरूको मात्र भुक्तानी गराउने गरेको स्रोतको दाबी छ । अहिले कोलेनिकाले असार २४ गतेसम्म भुक्तानी सकेर सोको जानकारी दिन र त्यसपछि सर्भर बन्द हुने अग्रिम जानकारी गराइसकेको छ ।

यो अवस्थामा अबको तीन दिन मात्र बाँकी रहँदा चालू आवको भुक्तानीमा तीव्रता आएको छ । गत सातादेखि नै कमिशन दिनेहरूको मात्र भुक्तानी भइरहेको छ । करारमा नियुक्त उमेश दासमार्फत कार्यालय समय सकिएपछि चेक बनाउने र त्यसमा सम्बन्धित लेखापाल, प्रमुख प्रशासकीय अधिकृतहरूसमेतको मिलेमतोमा भुक्तानीबापतको चेक हस्तान्तरण हुने गरेको छ । प्रमुख प्रशासकीय अधिकृत कुमार ठाकुर र लेखापाल सत्यनारायण सहनी नगरप्रमुखको घरमा राति जाने गरेका र यस प्रकारका अनियमित कार्यमा सघाउने गरेको बताइन्छ ।

## फेसबूकमा फर्जी खाता खोलेर अश्लील सामग्री हाल्ने क्रम बढ्दो

प्रस, परवानीपुर, २१ असार/

सामाजिक सञ्जाल फेसबूकमा अहिले फर्जी खाता बनाएर अश्लील सामग्री हाल्ने क्रम बढेको छ । एकले अर्कालाई बार्गेनिङ र ब्ल्याकमेलिङ गर्न यस्तो किसिमको घटना बढेको बताइएको छ ।

वीरगंजमा एउटा कलेजका लेक्चररको फेक अकाउन्ट बनाएर उनको प्रोफाइल फोटो राखेर अश्लील फोटो सार्वजनिक गरिएको छ । सो फेसबूकको स्क्रिनशट अरू साथीबाट उनले प्राप्त गरेपछि जाँचबुझ गर्दा पर्सा प्रहरीमा उजूरी गरेका छन् । तर समस्या समाधान नभएको उनी बताउँछन् ।



वीरगंज-२१ पटेलनगर बस्ने १४ वर्षीया एकजना विद्यार्थीको समेत फेक आइडी बनाएर अश्लील फोटो हालिएको उनी बताउँछन् । त्यसैगरी, वीरगंज-३१ इस्लामपुरका एकजना राजनीतिकर्मीको 'बिना बिनी' नामबाट सञ्चालनमा आएको खाताबाट उनको फोटोशपबाट अश्लील फोटो बनाएर फेसबूकमा पोस्ट गरी बार्गेनिङ गरिएको वडाध्यक्ष जीतेन्द्र यादव बताउँछन् । साथै पोस्ट र फोटो शेयर गरेर फेसबूकमा समस्या आएको भन्दै केही ह्याकरहरू फेसबूक ह्याक र फिसिङ गर्न उन्मुख भएका जानकारहरू

(बाँकी अन्तिम पातामा)

## सर्लाहीमा धमाधम रोपाइँ

नितेश कर्ण, सर्लाही, २१ असार/

सर्लाहीका किसानलाई धान रोपाइँको समयमा रोपाइँ नभएको र हालसम्म पाँच प्रतिशत मात्र रोपाइँ सम्पन्न भएकोले चटारो भएको छ । जिल्लाभरिका किसानहरू रोपाइँमा व्यस्त भएका बेला खेतमा धान रोप्ने किसान र मजदूरहरूको लर्को लागेको छ ।


तस्वीरः प्रतीक

धानको बीउ तयार भइसकेपछि किसानहरूले रोपाइँ शुरू गरेका छन् भने बीउ तयार हुन बाँकी किसानहरू रोपाइँका लागि खेत तयार गरिराखेका छन् ।

जेठमा पानी नपरेकोले रोपाइँको लागि छरेको धानको बीउ चर्को घामका कारण राम्रोसँग उम्रिन नपाउँदै ब्याडमैं सुकेर कम भएपनि ब्याडमा रहेका छोटा बीउ रोपेरै भएपनि रोपाइँ गरिरहेको किसानहरूले बताएका छन् ।

कृषि ज्ञान केन्द्र सर्लाही, मलङ्गवाका कृषि अधिकृत सीताराम यादवका अनुसार जिल्लामा ४४ हजार हेक्टर क्षेत्रफलमध्ये हालसम्म पाँच प्रतिशतमा मात्र धान रोपाइँ भएको छ । यस जिल्लामा प्रतिहेक्टर तीनदेखि साढे तीन मेट्रिकटन धान उत्पादन हुने गरेकामा गत वर्ष पाँच प्रतिशतले वृद्धि भएको थियो । उनका अनुसार गत वर्ष सिजनको सुरुआतमा पानी नपर्दा रोपाइँ कम भएको र पछि सिजनको अन्त्यतिर आएर वर्षा भएपछि रोपाइँ राम्रो हुँदा धान उत्पादनमा केही प्रतिशतले वृद्धि भएको थियो ।

असारको दोस्रो हप्ता लागेपछि ढिलो गरी सक्रिय भएको मनसुनका कारण यस वर्ष धानको उत्पादन बढ्ने अथवा घट्ने भन्ने विषयमा केही बताउन नमिल्ने कृषि अधिकृत यादवले बताए ।



जिल्लाको पूर्वी क्षेत्रमा खेतीपातीको लागि पर्याप्त मात्रामा सिंचाइ सुविधा नपुगेकोले सो क्षेत्रका किसानहरू आकाशे पानी र स्यालो ट्युबवेल तथा बोरिङको भरमा खेती गर्दै आएका छन् तर पश्चिम क्षेत्रमा सिंचाइका लागि बाग्मती तथा झिम नदी र मनुष्मारा सिंचाइ आयोजनाको पानी किसानको खेतसम्म पुगेकोले उनीहरूलाई आकाशे पानीको भर छैन ।

सिंचाइ आयोजनाको पानी पुग्न नसकेका केही स्थानमा मात्र स्यालो ट्युबवेल तथा बोरिङबाट खेती हुने गरेको छ । जिल्लामा रहेका विभिन्न सिंचाइ आयोजना तथा नदीहरूबाट जम्मा ५२००४.८ हेक्टर तथा स्यालो ट्युबवेलबाट १८ हजार १३० हेक्टर क्षेत्रफलमा सिंचाइ हुँदै आएको कृषि ज्ञान केन्द्र, मलङ्गवाले जनाएको छ ।

किसानको आवश्यकता अनुसार मलखाद पर्याप्त मात्रामा आइसकेको र प्रदेश सरकारका कृषिमन्त्रीले समेत जिल्लामा मलखादको आपूर्तिमा कमी हुन नदिन आदेश जारी गरिसकेकाले यस वर्ष किसानलाई मलखादको अभाव नहुने कृषि ज्ञान केन्द्रले जनाएको छ ।

प्रत्येक वर्षझैं यस वर्ष पनि रोपाइँकै सिजनमा आएर कृषि मजदूरको अभाव उत्पन्न भएको छ । अधिकांश युवा मजदूरी गर्नका लागि भारतका दिल्ली, पञ्जाब, लुधियाना, मुम्बई, तमिलनाडु, मद्रासलगायतका ठाउँहरू तथा वैदेशिक रोजगारमा गएकाले धान रोप्ने तथा अन्य बाली लगाउने बेला खेतमा काम गर्ने मजदूर पाउन मुश्किल पर्ने गरेको किसानको गुनासो छ ।

सर्लाही जिल्लामा छिटफुट लोकल जातका धानबाहेक सबैभन्दा बढी हर्दिनाथ-६, ललका बासमती, सोना मन्सुरी सब-६, स्वर्ण सब-१ र सुक्खा-३ जातका धान उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

## नगरप्रमुखद्वारा विद्यार्थी-अभिभावकसँग प्रत्यक्ष संवाद

प्रस, वीरगंज, २१ असार/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शुक्रवारदेखि सामुदायिक विद्यालयमा अभिभावक र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूसँग प्रत्यक्ष संवाद शुरू गरेका छन् ।


तस्वीरः प्रतीक

यस वर्षको एसइई नतीजा कमजोर भएपछि नगरप्रमुख सिंहले आगामी एसइईलाई लक्षित गरी कक्षा १० मा अध्ययनरत विद्यार्थी र अभिभावकहरूसँग भेटघाट थालेका हुन् । आज सुन्दरमल रामकुमार कन्या मावि कक्षा १० मा अध्ययनरत छात्राहरू र तिनका अभिभावकहरूसँग संवाद गरेका थिए । उनले यसपटकको एसइई नतीजा कमजोर भएको र आगामी वर्ष सफल बनाउनको लागि अभिभावकहरूको भूमिका प्रभावकारी हुनुपर्ने बताए । उनले विद्यालयबाट पढेर गएका आफ्ना छोराछोरीहरूलाई अभिभावकहरूले के कस्तो पढ्यो भन्ने विषयमा निगरानी गर्नुपर्ने सुझाव दिए ।

उनले अभिभावकले चासो बढाएको खण्डमा शिक्षामा गुणस्तर बढ्ने दाबी गरे । बुधवार असार १९ गते नगरप्रमुख सिंहले विद्यालयका प्रअहरूलाई बोलाएर यसबारेमा चासो राखेका थिए र त्यसपछि उनले आजबाट यो अभियान शुरू गरेका हुन् । उनले महानगरको तर्फबाट हुने सबैखाले सहयोग गर्न आफू तत्पर रहेको र शिक्षाको गुणस्तर बढाउन अभिभावक, शिक्षकहरू पनि सक्रिय हुनुपर्ने सुझाव दिए ।

## विचारसार र सूक्तिहरू

**पद अस्थायी हुन्छ, पदवी र मान सीमित हुन्छ, तर कुनै व्यक्तिसँग गरेको व्यवहार हमेशा सम्झनामा रहन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# महानगरले पनि समीक्षा गरोस्

**वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महानगरमा रहेका सामुदायिक विद्यालयहरूको एसइईमा कमजोर नतीजा आएकोमा चिन्ता जाहेर गरेका छन्। नतीजा कमजोर आउनुमा चिन्ता जाहेर हुनु स्वाभाविक हो। नतीजा कमजोर आउनुमा पहिला शिक्षकहरू र दोस्रो विद्यार्थीहरू दोषी हुन्। तर यसो भन्दैमा शिक्षक र विद्यार्थीलाई मात्र दोष थुपारेर यसको निराकरण भने हुँदैन। शिक्षकहरूको अध्यापन राम्रो भएन वा विद्यार्थीहरूको सिकाइ राम्रो नभएर यस्तो परिणाम आएको हो भन्ने कुरालाई एकातिर राखेर उनीहरूलाई पढाउने र सिकाइको वातावरण सिर्जना गर्ने पक्ष दोष मुक्त हुन सक्दैन। महानगरमा सामुदायिक विद्यालयहरूको नतीजा एसइईमा नराम्रो देखिए पनि संस्थागत विद्यालयहरूको नतीजा भने उत्साहजनक छ। सामुदायिक विद्यालयको सफलता प्रतिशत ३४.३७ छ भने संस्थागत विद्यालयको ९०.२६ प्रतिशत छ। दुवै विद्यालयमा आकाश–जमीनको फरक देखिन्छ। यस्तो फरक हुनुको अर्थ सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरू, अध्ययन गर्ने विद्यार्थीहरू र यसको व्यवस्थापनको जिम्मेवारी लिएको पालिकासमेत दोषी देखिन्छ।**

**वीरगंज महानगरपालिकाको कुरा गर्दा महानगरपालिकाले गत शैक्षिक सत्रदेखि केही विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट अध्यापन शुरू गराएको थियो। अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गराएको महानगरपालिकाले त्यसका लागि स्वयंसेवक शिक्षकहरूको बहाली गरेको थियो। यसका साथै सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकमा पनि स्वयंसेवक शिक्षकहरू नियुक्त गरेको थियो। स्वयंसेवक शिक्षकहरूको नियुक्ति आफैंमा नयाँ र साहसी काम थियो। महानगरमा रहेका सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकहरू स्वयंसेवक शिक्षकको रूपमा बहाल भएपछि र अङ्ग्रेजी माध्यममा महानगरले अध्यापन शुरू गरेपछि यहाँका संस्थागत विद्यालयहरूमा भर्ना दर घटेको थियो। यसो हुनुको कारण संस्थागत विद्यालयमा दिइने ज्ञान महानगरपालिकाको पहलमा सामुदायिक विद्यालयमा थोरै खर्चमा पाएपछि अभिभावकहरूले आफ्ना नानीहरूलाई सामुदायिक विद्यालयमा भर्ना गराउन थालेका थिए। जतिखेरसम्म सामुदायिक विद्यालयहरूमा स्वयंसेवक शिक्षकहरू बहाल रहे, त्यतिखेरसम्मको अवस्था आकलन गर्ने हो भने संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर बढेको पाइन्छ। तर तीन महीना अवधिमा त्यो पनि एसइईनजीक आउँदा स्वयंसेवक शिक्षकहरूको नियुक्ति खारेज गरियो।**

**महानगरपालिकाले आर्थिक व्ययभार सहन गर्न नसक्ने अवस्थाले होस् अथवा अख्तियारको भयले स्वयंसेवक शिक्षकहरू ठूलो सङ्ख्यामा हटाइए। स्वयंसेवक शिक्षकहरू हटेपछिको परिणाम हामीहरू सामु छ। महानगरले सञ्चालन गरेको अङ्ग्रेजी र नेपाली माध्यमका सामुदायिक विद्यालयहरूको एसइई नतीजा कमजोर मात्र भएन निकै खस्कियो। महानगरले आफ्नो आर्थिक क्षमताको आकलन गरेर सोअनुरूप स्वयंसेवक शिक्षकहरू बहाल गरेको भए अहिले यो अवस्था आउँदैन थियो। भौतिक संरचना र आधुनिक शिक्षा संयन्त्रहरूको जुगाडले मात्र शिक्षामा सुधार आउँदैन, त्यसका लागि शिक्षकहरू पनि तयार गरिनुपर्छ र यसमा महानगर चुकेको** [redacted]

# सत्ता समीकरण– जुन जोगी आएपनि कानै चिरेको

कुनै पनि व्यक्तिले सुन्दर भविष्यको सपना देख्नु उसको अधिकार हो। वास्तवमा प्रत्येक व्यक्ति आफू र आफ्नो घरपरिवार, समाज तथा देश सुखी र समृद्ध भएको हेर्न चाहन्छ। मान्छेको यस्तो इच्छाले नै अरू प्राणीबाट मान्छेलाई छुट्याएको हो। संसारको कुनै पनि प्राणीले सुखी भविष्यको सपना देख्न सक्दैन। यो गुण केवल मानिसमा छ। यो मानवको सहज स्वभाव हो। तर जब पटकपटक देखेको सपना साकार पार्ने क्रममा सरोकारवालासँग धोखा पाउँछ अनि मानिसको विश्वास कमजोर हुन थाल्छ, मानिसमा हिम्मत, आशा र उत्साहको ठाउँमा निराशा, काँतरपना र शिथिलता आउन थाल्छ।

गति प्रकृतिको स्वभाव हो। गति नभएको यो संसारमा कुनै पनि चीज छैन। गतिहीन चीजको अस्तित्व नै हुन सक्दैन। त्यसैले मानव समाज पनि गतिशील छ। हिजो हाम्रो समाज जस्तो थियो आज त्यस्तो छैन र भोलि अर्कै हुनेछ। कसैले चाहेर वा नचाहेर गति रोकिंदैन तर मानिसको स्वभाव यथास्थितिमा रमाउने भएको हुनाले परिवर्तनलाई रोक्न खोज्ने एउटा शक्ति सधैं कायम रहन्छ। त्यसले प्रत्येक परिवर्तनलाई रोक्न खोज्छ। तर इतिहास साक्षी छ कुनै पनि शक्तिले परिवर्तनलाई सधैंको लागि रोक्न सकेको छैन। नेपाली समाज पनि परिवर्तन हुँदै आएको छ। हिजोसम्म यो देशमा राणाहरूको शासन थियो। त्यसपछि राजाहरूको शासन भयो। त्यसपछि बहुदलको नाउँमा वा गणतन्त्रको नाउँमा अहिलेसम्म विभिन्न प्रकारका माफिया र पूँजीवादी व्यवस्थाका दलालहरू प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको नाउँमा शासन गरिरहेका छन्। उनीहरूलाई के लाग्छ भने यो सबै परिवर्तन हामीले नै गरेको हो। यै अव्यवस्था सधैंभरि कायम रहन्छ। वास्तवमा जनहितमा यो व्यवस्था भएको भए परिवर्तनकारीहरूको इच्छालाई राम्रै भन्न सकिन्थ्यो। तर २०६२–०६३ देखि अहिलेसम्मको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्राक्टिस हेर्दा के देखिन्छ भने यो कुनै पनि अर्थमा जनहितकारी छैन। हालसम्म यसले गरेको विभिन्न देशहरूसँग सन्धि सम्झौता जनविरोधी छ। गोर्खा भर्ती केन्द्र सडकमा हुँदा खारिज गर्ने माग गर्नेहरू सत्तामा पुग्दा कहिले पनि यसतर्फ कुनै पाइला चालेको देखिंदैन। रोजगारको भाषण गरेर नथाक्ने सडकमा हुँदाका पार्टीहरू सत्तामा पुग्दा एउटा पनि कारखाना स्थापना गरेको इतिहास छैन बरु सत्तामा आउनुभन्दा पहिले जति वैदेशिक ऋण थियो त्योभन्दा कैयौं गुना बढी ऋण अहिले बढेको छ। उत्पादन सबै चौपट छ।

हामी सबैलाई थाहा छ नेपालको राजनीतिमा यतिबेला सङ्ख्याको हिसाबले ठूलो र भूमिकाको हिसाबले महत्त्वपूर्ण पार्टीहरू भनेको नेकपा एमाले, नेपाली काङ्ग्रेस तथा नेकपा माओवादी नै हो। यसैसँग क्षेत्रीयरूपमा मधेसवादी दलहरू पनि छन्। तर यिनीहरूमध्ये सबै पार्टी पटकपटक सत्तारोहण गरिसकेका छन् तर पनि कहिले जनहितमा अमिट छाप छोड्नेगरी कुनै काम गरेको देखिंदैन। यस्तोमा कुन सरकार ढल्यो कुन सरकार बन्यो? को प्रधानमन्त्री छ को प्रधानमन्त्री बन्छ भन्ने कुराहरूको खासै तात्त्विक अन्तर रहँदैन। यो त कौवालाई बेल पाक्यो हर्ष न विस्मात्– जस्तै भएको छ। यसले फरक केवल सत्ताका वरिपरि झुमिराखेका दलाल, सत्तालाई प्रभावमा पारेर सधैं आफ्नो उल्लू सोझो गर्ने माफियाहरूलाई परेको छ। जनस्तरमा आजसम्म कुनै फरक परेको देखिएको छैन, किनभने संसद्मा भएका सबै दल भ्रष्टाचारमा लिप्त छन् र भ्रष्टाचारीलाई ढाकछोप गर्ने, माफियाहरू तथा तस्करहरूसँग चन्दा लिएर चुनाव लड्ने र उनीहरूलाई पार्टीमा हुल्ने, विदेशी पूँजीपतिहरूको दलाली गर्ने, विस्तारवाद साम्राज्यवादको चाकडी गरेर सत्तामा टिकिराख्ने चरित्र नै सबै दलले पटकपटक प्रदर्शन गर्दै आएका छन्। विस्तारवादी तथा साम्राज्यवादीहरूकै इशारामा कोहीसँग मिल्ने र कोहीसँग फुट्ने रातारात यो षड्यन्त्रको बीजारोपण गरेर हिंड्ने दलहरूको कुकृत्य हेरेर जनता वाक्कदिक्क भइसकेको छ। जनता अब कसैप्रति पनि आशान्वित छैन। राजा आऊ देश बचाऊको नारा लिएर राजदरबारको हुण्डी चाटेर पुस्ता बितेका केही व्यक्ति सडकमा कराएको देखिए पनि नेपाललाई बर्बाद पार्ने मूलतः तिनै राजाहरू हुन् भन्ने कुरा नेपाली जनताले राम्ररी बुझेको छ।


स्वतन्त्र विचार
बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**सत्तामा बसेको पार्टी साह्रै खराब हो, यसलाई हराउनुपर्छ भनेर अर्को पार्टीलाई जिताउँछ र त्यो पार्टी पनि आफ्नो कार्यकालभरि पहिलेको भन्दा बढी भ्रष्टाचार र शोषण दमन गर्न थाल्छ, जसले गर्दा अर्को चुनावमा फेरि अर्कोलाई जनताले भोट हाल्छ। त्यो पार्टीले पनि त्यही भ्रष्ट आचरण दोहोऱ्याउँछ।**

भर्खरै एसइईको परीक्षाको नतीजा प्रकाशित भएको छ। यसमा ५२ प्रतिशत विद्यार्थी फेल भएका छन्। भनेपछि हाम्रो शिक्षा कस्तो रहेछ, शिक्षामा भएको लगानी बालुवामा पानी भयो कि भएन? त्यसैगरी स्वास्थ्य क्षेत्र पनि पूर्णतः धराशायी भइसकेको छ। जुन देशको शिक्षा र स्वास्थ्य धराशायी छ त्यस देशले कसरी विकास गर्छ? हाम्रो संविधानमा जनतालाई सार्वभौम भनिएको छ, तर के सांसदहरू जनताप्रति उत्तरदायी छन्? संविधानमा जे लेखिए पनि व्यवहारमा संसद् जनताप्रति उत्तरदायी भएको अनुभूति जनताले गर्न सकेको छैन। नेपालमा भएका सबै संसदीय पार्टीहरू खासगरी ठूला पार्टीहरू कहिले पनि जनसरोकारको विषयमा एक ठाउँमा जम्मा भएर छलफल गरेको एउटा पनि उदाहरण भेटिंदैन। सबै पार्टी राजनीतिक भागबण्डा गर्न, अदालतको न्यायाधीश भागबण्डा गर्न, विभिन्न देशका राजदूत भागबण्डा गर्न, त्यस्तै ब्युरोक्रेट्सहरू भागबण्डा गर्न भने रातारात एकजुट हुने गरेको सबैले देखेका छन्। पैसा पाउने र देशलाई गुलाम बनाउने एमसिसी जस्ता सम्झौता गर्न सबै पार्टी एकजुट भएको देखिएकै हो तर कृषिप्रधान नेपालमा एउटा पूर्वदेखि पश्चिमसम्म खेतमा हुन सक्ने सिंचाइ आयोजनाको लागि कहिले छलफल भएको देखिएन, किन? प्रशोधित उन्नत बीउ तथा मलको फ्याक्ट्रीको लागि पार्टीहरूबीच सर्वदलीय छलफल कहिले हुँदैन। आफ्नै देशभित्र दशौं लाख नेपालीलाई रोजगार सिर्जना गर्ने उद्योग धन्दा खोल्नका लागि पार्टीहरू एक ठाउँमा भेला भएर विचार विमर्श गरेको कुनै उदाहरण छैन। अनि कसरी हुन्छ देशको विकास? तर प्रायः मध्यरातमा सबै पार्टी देशको भागबण्डा गरेर लुटी खान भने एक ठाउँमा भेला भएको दर्जनौं उदाहरण छन्।

अहिले एमाले र माओवादीको सरकार ढल्ने निश्चित भएको छ। भन्नलाई एमाले र माओवादी दुवै आफूलाई कम्युनिस्ट भन्छन्। तर पटकपटक यिनीहरू काङ्ग्रेससँग घाँटी जोडेर एक अर्कोलाई धोका दिन्छन्? के यही हो कम्युनिस्ट चरित्र? यस्तै हुन्छन् कम्युनिस्टहरू? यदि यस्तै हुन्छन् भने केको निम्ति यस्ता कुलङ्गार कम्युनिस्ट नामधारी दलाल पार्टी चाहियो? जसले आफ्नो सहकर्मीलाई धोका दिंदै आएको छ, उसले जनतालाई बाँकी राख्छ? आखिर अहिलेसम्म जनतालाई के दिए त यी कम्युनिस्ट वा काङ्ग्रेस भन्ने गणतान्त्रिक वा प्रजातान्त्रिक पार्टीहरूले? यो कुरा हामीले गम्भीरतापूर्वक बुझ्नैपर्छ। वास्तवमा जसले देशको नागरिकलाई भूटानी शरणार्थी बनाएर बेचन सक्छ, बालुवाटारको जग्गा बेच्न सक्छ, तिनीहरू पद र पैसाका लागि के पो गर्न सक्दैनन्? देश र जनतालाई कुनै बेला पनि बन्धकी बनाउन सक्छन्। त्यसकारण अब पनि बनिरहेको नयाँ राष्ट्रिय सरकार नामक समीकरण एमाले काङ्ग्रेसको पनि आफ्नो अनुकूलतामा सजिलो हुनेगरी देश लुटेर खानेबाहेक अरू केही हुनेछैन।

संसदीय चुनाव कस्तो हुन्छ भने एउटा कथाबाट बुझौं। एउटा गाउँमा एकजना चोर समातियो। चोर समातिएपछि गाउँका मुखियाकहाँ लगियो। मुखियाले सबै कुरा सुनेर चोरलाई दण्डको रूपमा दुईवटा अप्सन दिए। पहिलो अप्सन सयवटा प्याज खानुपर्ने। दोस्रो अप्सन एक सय लठ्ठी खानुपर्ने। चोरले एकछिन मनमनै विचार गर्‍यो – सय लठ्ठी खानुभन्दा १०० वटा प्याज खाएको राम्रो, किनभने आखिर प्याज खाँदै आएको चीज त हो। प्याज खाएर के हुने हो र एकछिन मुखमा अलिकति पीरो हुन्छ। उसले भन्यो म प्याज खान्छु। त्यसपछि उसको अगाडि प्याज राखियो र ऊ खान थाल्यो। १० वटा प्याज नखाँदै उसको नाकबाट सिङान बग्न थाल्यो, आँखाबाट आँसु झर्न थाल्यो, मुख रन्किन थाल्यो र उसलाई लाग्न थाल्यो कि अझ प्याज खाएँ भने मर्छु। अनि उसले भन्यो– बरु लठ्ठी खान्छु प्याज खाँदिनँ। त्यसपछि उसलाई लठ्ठीले पिट्न थालियो। २० लठ्ठी पिटेपछि उसको जिउ सुन्न हुन थाल्यो। रिंगटा लाग्न थाल्यो। दिउँसै तारा देखिन थाल्यो। अनि विचार गर्न थाल्यो प्याज खाएर त पक्कै मरिन्न, के भएको थियो र नाकबाट सिङान र आँखाबाट आँसु आएको त हो। सय लठ्ठी अझै खाने हो भने त मरिन्छ र उसले फेरि प्याज खाने माग गर्‍यो। यसरी प्याज र लठ्ठी फेर्दाफेर्दै उसको मृत्यु भयो। त्यसैगरी यो संसदीय व्यवस्थामा पनि जनताले भ्रष्ट पार्टीहरूलाई नै चुन्नुपर्ने बाध्यता हुन्छ। एकचोटी सत्तामा भएको पार्टी साह्रै खराब हो, यसलाई हराउनुपर्छ भनेर अर्को चुनावमा अर्को पार्टीलाई जिताउँछ र त्यो पार्टी पनि आफ्नो कार्यकालभरि पहिलेको भन्दा पनि बढी भ्रष्टाचार र शोषण दमन गर्न थाल्छ, जसले गर्दा अर्को चुनावमा फेरि अर्कोलाई जनताले भोट हाल्छ। त्यो पार्टीले पनि त्यही भ्रष्ट आचरण दोहोऱ्याउँछ। यसरी भोट हाल्दा हाल्दै पुस्तौंपुस्ता मर्छ तर न जनताको उत्थान हुन्छ, न देश नै समृद्ध हुन्छ।

# धनुषाको गोविन्दपुरमा लिच्छविकालीन अवशेष फेला

महेन्द्रनगर (धनुषा), २१ असार/रासस

जिल्लाको सबैला नगरपालिका–६ गोविन्दपुरस्थित भग्नावशेष अवस्थामा रहेको जनककाली ऐतिहासिक मठेश्वरनाथ मन्दिरको उत्खनन गर्दा आठौं शताब्दीका लिच्छविकालीन अवशेष फेला परेका छन्। पुरातत्त्व विभागका पुरातत्त्वविद् प्रकाश दर्नालसहित तीन सदस्यीय टोलीले यही असार ७ गतेदेखि मठेश्वरनाथ मन्दिरको उत्खनन शुरू गरेको हो।

प्राचीन मन्दिर भनिएको स्थानको अवशेष उत्खनन गर्दा आठौं शताब्दीका लिच्छविकालीन अवशेष फेला परेका पुरातत्त्वविद् प्रकाश दर्नालले जानकारी दिए। "अहिलेसम्म दुईवटा पत्थर जोड्ने आइरन डाबर, फलामको गोलो रिङ, मन्दिरमाथिको सतह, भारतीय र नेपाली सिक्काका साथै पत्थरमा लिच्छविशैलीको 'माना' अर्थ आउने अक्षर भेटिएको छ," उनले भने, "सोही अक्षरको आधारमा मन्दिरको प्राचीनता पत्ता लगाउन सकिन्छ। लिपि विशेषज्ञलाई देखाएर वास्तविक पत्ता लगाउने तयारीमा छौं।"


तस्वीर: रासस

स्थानीय ६० वर्षीय रामवृक्ष यादवले भने, "पुरातत्त्व विभागले उत्खनन गरिरहेको स्थानमा मठेश्वरनाथ मन्दिर थियो। यस मन्दिरको बारेमा धार्मिकग्रन्थ रामायणमा पनि उल्लेख गरिएको छ।"

सो मन्दिर मिथिलाका राजा जनकले निर्माण गरेको जनविश्वास रहेको ७५ वर्षीय राममनोहर साहले बताए। राजा जनकले मिथिलाको राजधानी जनकपुरधामको समदूरीमा चारवटा मठ निर्माण गरेका थिए।

महोत्तरीको जलेश्वरमा जलेश्वरनाथ, धनुषाको क्षीरेश्वरमा क्षीरेश्वरनाथ, धनुषाको गोविन्दपुरमा मठेश्वरनाथ र भारतको बिहार राज्यको कल्याणेश्वरमा कल्याणेश्वरनाथ मन्दिरको निर्माण गरेको इतिहास रहेको साहले जानकारी दिए। "तीमध्ये जलेश्वरनाथ, क्षीरेश्वरनाथ र कल्याणेश्वरनाथ मन्दिरमा आज पनि पूजापाठ हुन्छ भने मठेश्वरनाथको भग्नावशेष मात्र बाँकी छ," उनले भने।

पुरातत्त्वविद् दर्नालले भग्नावशेषको अध्ययन गर्दा प्राचीन मन्दिरको स्वरूप देखिएको बताए। मठेश्वरनाथ मन्दिर हो भनेर यकीनसँग अहिले भन्न नसकिने बताउँदै उनले उत्खननको क्रममा एउटा महत्त्वपूर्ण ढुङ्गा भेटिएकाले थप अध्ययन गरिने उल्लेख गरे। "उत्खनन गर्दै जाँदा ज्यामितीय आकारको बुट्टा जो अहिलेसम्म

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४८

वाटिका
२०८१ असार २२ गते शनिवार | प्रतीक | 2024 July 06 Saturday


# कविहरूले जसको आलोचना कहिल्यै गर्दैनन्

काव्य सर्जकहरूमा गज्जबको क्षमता हुन्छ। अभिधा, लक्षणा तथा व्यञ्जना शब्द शक्तिद्वारा तिललाई पहाड र पहाडलाई पनि तिल बनाइदिन सक्छन्। कविहरूले विभिन्न विम्ब, प्रतीक तथा अलङ्कारहरूले आफ्नो शब्दलाई सजाउँछन् र यसरी अभिव्यक्ति गर्दछन् कि कविले भनेको साँचो हो र अरूले देखेको भ्रम हो। यसैले भन्ने गरिएको छ – जहाँ सूर्यको प्रकाश पुग्न सक्दैन, त्यहाँ कविको कल्पना पुग्दछ। कविहरूको विषयमा पनि यो पनि भनिन्छ कि जन्मजात आलोचक हुन्छन्। कविहरू कसैलाई छाड्दैनन्। हरेकमाथि कविता लेख्छन्। अनि कसैलाई नछाड्ने र हरेकमाथि कविता लेख्नुको तात्पर्य के पनि हो भने हरेकका नकारात्मक कुरा उधिन्छन्। नकारात्मक कुरा उधिन्ने मात्र होइन, कतिपय अवस्थामा नकारात्मक भावना वा धारणा बनाउन पनि मदत गर्छन्।



साहित्यकारहरूले आलोचना नगर्ने क्षेत्र ज्यादै कम छ। प्रकृतिलाई समेत साहित्यकारहरूले छाड्दैनन्। वर्षा भएकोलाई कहिले प्रकृति रोएको त कहिले खुशी भएको बताउँछन्। हरेक पेशा तथा व्यवहारमाथि कटाक्ष गर्ने कवि साहित्यकारहरूले शायदै कुनै क्षेत्र छ, जसलाई व्यङ्ग्य गरेका छैनन्। यस्तै व्यङ्ग्य नगर्ने ज्यादै सीमित क्षेत्रमा पर्छ, कृषि। कृषिकर्ममध्ये शायदै कुनै कविले कहिल्यै रोपाइँबारे नकारात्मक काव्य सिर्जना गरेका होलान्। काव्य सिर्जनामा सदैव सम्मान पाउने तथा सदाकाल सकारात्मकरूपमा धानको रोपाइँलाई लिने गरिनुको पछाडि अनेक कारण हुन सक्छ तर सबैले बुझेको सत्य यही हो कि रोपाइँ भएन भने कसैले खान पाउँदैन। आलोचनाको पहुँचभन्दा माथि राखेर काव्य सर्जकहरूले कृषि, कृषक तथा रोपाइँलाई जुन मर्यादा दिएका छन्, त्यो आफैँमा अवर्णनीय तथा अतुलनीय छ। सबैले सम्मान गर्नुपर्ने कर्म कृषि हो र कविहरूको नजरमा पनि यो कदापि आलोच्य होइन, हुन पनि हुँदैन।

काव्यको कुनै सीमा हुँदैन। आजसम्म यस्तो कुनै पनि विषयवस्तु छैन जसमाथि काव्य सिर्जन भएको नहोस्। सामान्यतया धरती, माता र कृषिकर्मलाई कविहरूले सम्मान गर्दछन्। धरतीमा आफू जन्मेको ठाउँ र देशलाई कविहरूले स्वर्ग मानिन्छ। कालदेखि शास्त्रहरूले माता र धरतीलाई उच्च सम्मान दिँदै आएका छन्। युग बित्दै जाँदा चेतनाको विकास जतिसुकै भएको होस् सबै सर्जकको दृष्टि र दृष्टिकोणमा काव्यसिर्जना ज्यादै विशिष्ट पक्ष हो, जीवन धान्नका लागि गरिने धान–रोपाइँ पनि अत्यन्तै विशिष्ट पक्ष हो। जहाँ सिर्जना हुन्छ त्यहाँ जीवन हुन्छ। जीवनको पनि आलोचना हुन सक्छ तर जीवनको महत्ताको आलोचना हुन सक्दैन। जीवन छ भने कसैको प्रशंसा वा आलोचना हुन्छ, त्यसैले कुनै पनि आलोचना वा प्रशंसाको लागि जीवन चाहिन्छ।

रिस–राग, आवेग आदि सबै हुन्छ

स्वान्त सुखाय:



सञ्जय मित्र
mitrasanjay41@gmail.com

कवितामा। सबै किसिमको संवेदना कविमा अझ तीव्र गतिमा हुन्छ। जति अनुभूति हुन्छ, त्यसभन्दा बढी कलात्मक प्रस्तुतिको क्षमता हुन्छ। भावलाई अनेक किसिमले प्रवाह गरेर, अनेक किसिमले पुष्टि गरेर अनेक किसिमले अनुभूति गराउने क्षमताले नै कविका कुरा मानिसले पढ्ने गर्दछन्। एउटै कुरालाई भनाइको तरीकामा चामत्कारिकता ल्याएर अभिव्यक्त गर्ने हुँदा कविको कर्मलाई पाठकले खोजीखोजी पढ्दछन्। कविको चमत्कारलाई, चामत्कारिक भावलाई सम्मान गर्दछन्। अनि कविको भावसित आफूलाई तुलना गर्दछन्, कतिपय अवस्थामा आफूलाई उतार्छन् सोही बमोजिम। कविले दिने चेतनाले पाठकहरू आफूलाई परिमार्जित गर्दछन्। बोली र शैलीमा मात्र होइन, प्रज्ञामा पनि आफूलाई पोख्त बनाउँछन्। अर्थात् कविको अभिव्यक्तिमा त्यो क्षमता हुन्छ जसले समाजको दृष्टिकोण र व्यवहार दुवैमा परिवर्तन ल्याउन सक्छ।

कविकर्मले पाठकमा वैचारिक स्पष्टता, उच्चता, बोलीमा कलात्मकता, तार्किक क्षमता वृद्धि हुन्छ। पुरानो शब्दावलीमा भन्नुपर्दा कविको अभिव्यक्तिले पाठकको वाणी, आचरण र विद्वतामा सुधार आउँछ। यसको अर्थ यो पनि हो कि मानिसलाई विद्वान् बनाउने काम सिर्जनाले गर्दछ। त्यसैले भन्ने गरिन्छ सर्जक महान् हुन्छ। सर्जकको महान् कर्मको अध्ययन गर्नाले विद्वान् बन्ने सम्भावना रहन्छ। विद्वान् बन्नु वा विद्वता प्राप्त गर्नु, स्वाभाविक वा नैसर्गिक गुणले पनि हो र अध्ययनले पनि हो। अध्ययनको बानी परेपछि, अध्ययनको निष्कर्ष निकाल्दै गएपछि, आफूमा रहेको क्षमताले अनुकूल वातावरण पाउँदै जाँदा मानिसको अभ्यन्तरमा रहेको विद्वताले अङ्कुरण पाउँछ र प्रस्फुटित हुन्छ। यसरी धेरै विद्वान् आभ्यासिक पनि हुन्छन्।

कवि कर्मले मानिसलाई आलोचनात्मक बन्न पनि सिकाउँछ। समालोचनात्मक क्षमता पनि ल्याउँछ। कविको कर्ममा यो क्षमता हुन्छ भन्नुको रहस्य यो पनि हो कि कविले सिर्जनामा पनि समालोचना वा समालोचनामा पनि सिर्जना देखाउने गुणले समाजमा समालोचनात्मक गुण तत्वलाई समयानुकूल, ग्रहण गर्ने मानिसको क्षमता अनुकूल परिवर्तन तथा परिमार्जन गरिरहन्छ। यसको अर्थ यो पनि हो कि बुद्धिजीवीहरूले समाजलाई जता लैजान चाहन्छन्, समाज उता डोरिन्छ, जुन किसिमको भाव प्रवाह गर्न चाहन्छन्, सोही किसिमको धारणा निर्माण हुन्छ र जसरी वैचारिकताले इस्पात बनाउन चाहन्छन् त्यस किसिमको वैचारिक क्षमताको निर्माण हुन्छ। अन्य प्रभाव पनि नपर्ने होइन, तर जहाँको पनि बौद्धिक प्राणी मानिस नै हो, यसले जहाँसुकैको प्रभावको प्रवाह होओस्, प्रभावी हुने त समाज र नागरिक नै हो।

अब यो स्पष्ट हुन आउँछ कि सबैभन्दा बौद्धिक क्षमता प्रदर्शन हुने कला, साहित्य वा काव्य हो। जसमा तर्कको क्षमता हुन्छ, सर्वसाधारणले उनैको कुराप्रति विश्वास पनि गर्दछन्। अनि काव्यकारले निर्माण गर्ने भाष्यभन्दा खासै पृथक धारणा गइरहेको हुँदैन किनभने अहिले पनि समाजले रोपाइँलाई सुन्दर कर्म र उत्सवको कर्म मानिरहेकै छ। यस कर्मलाई उत्तम कर्म र पर्वको कर्म मानिरहनुमा कविको पनि ठूलो योगदान छ। हो, आजभोलि आलङ्कारिकरूपमा गमलामा धान रोपाइँ गर्ने पनि देखिएका छन्। कहिल्यै खेतमा नजाने पनि चाहन्छ कि धानको बेर्ना हातमा लिएर खेतको हिलोमा पसूँ। रोपाइँको अनलाइन उद्घाटन गर्ने दिन पनि आउला, रोबोटले रोपाइँ नगर्ला भन्न सकिन्न तर रोपाइँको महत्त्व भने कम हुँदैन, गर्ने मिल्दैन किनभने कविहरूले रोपाइँमा कुनै आलोचनात्मक तत्त्व समाहित गर्न सकेका छैनन्, देख्न सकेका छैनन्।

रोपाइँको सौन्दर्यमा जीवनको सौन्दर्य देख्नेहरू छन्। जसरी कविले आफ्नो कवितालाई सिर्जना मान्छ, कविहरूले किसानको रोपाइँ कर्मलाई पनि कविताभन्दा माथिको स्वच्छ हृदयको उच्च सम्मान मान्छन्। मनको उच्च आसनमा कृषिकर्मलाई विराजमान गराउँदै आएका छन् कविहरूले। यही सुखद आश्चर्य र यथार्थमा काव्यकर्मको धर्मले सिर्जनालाई सम्मान गरेको हो। हो, कुनै कविकर्मले कुनै लहडमा आफ्नै सिर्जनामा अनेक आलोचना देख्ला, कतिपयले आफ्ना सबै सिर्जना जलाइदिए पुग्छ पनि भन्लान् तर फेरि प्रिय के होला त ? भन्ने जिज्ञासा अभ्यन्तरमा उमार्ने हो भने काव्यबीजको रोपाइँ किसानको खेतमा नै हुने हो। अनि काव्यबीज जहाँ प्रस्फुटन हुन्छ, त्यहीं मलिलो माटोमा काव्यकर्मका किसान रोपाइँ गीत गाउँदै रमाएर उक्त कर्म गर्दछन्। यस कर्मले भविष्यमा निश्चित मङ्सिर निम्त्याउँछ। निश्चित मङ्सिरको प्रतीक्षा काव्यकर्मका किसानले गर्दा असारलाई सुखद दिवस मान्नु स्वाभाविक हो।

गर्नेहरूले सुखको आलोचना पनि गर्लान्, गर्छन् पनि। सुखले प्राप्ति हुन दिँदैन यदि भोग गर्न थाल्यो भने। सुखको लक्ष्य प्राप्ति कि प्राप्तिको लक्ष्य सुख प्राप्ति ? प्रश्न आफ्नो ठाउँमा छ। तर रोपाइँ किसानले गर्दछन् र खुशी हुन्छन् कविहरू। रोपाइँको प्रतिफल किसानले नै प्राप्त गर्ने हो तर काव्यकर्ममा कविहरूले भने आनन्दको उत्कर्ष प्राप्त गर्छन् र आफ्नो आनन्द अरूलाई पनि प्रदान गर्दछन्। सदा सर्वदा सुखानुभूति प्राप्त हुने वा गर्ने कर्मको रूपमा कविहरूले लिएका छन् रोपाइँलाई। बरु रोपाइँको महिमा रोपाहारहरूलाई, बाउसेहरूलाई गान गर्न त्यति आउँदैन, कर्ममा लीन हुन्छन्, तर कविहरूले व्याख्या गर्छन्।

# लटरमेश्वर महादेव

प्रत्येक मानिस यो जीवनमा जीवितै छु भानमा हुन्छ। भन्नको निमित्त जीवनको अमूल्य समय बेचिरहेको हुन्छ, जीविकोपार्जन गर्ने हेतुले। ऊ यो जीवनको भङ्गालोमा यसरी अल्झिएको हुन्छ कि मानौं करेलाको लहरोले किम्बुको झारलाई बेरेर टेकेर आकाशै नापुला जस्तो। ठ्याक्कै तेस्तै मानवजगत्मा जीवित रहेका मानवहरू अजीवित रोबोटझैं निरन्तर रुमलिएका हुन्छन्। परिवार, घर, साथी, पढाइलिखाइ, छोराछोरीको पढाइ, बाआमाको उपचार खर्च जस्ता नितान्त खर्चको जोहो जसोतसो बाँट्छ। गरुन् पनि किन नाइँ। ऊ यी सबमा यति अलमलिन्छ कि उसले जीवन जिउनै बिर्सिसकेको हुन्छ। ऊ केवल जिउँछ, बाँच्नको निम्ति। न कि जीवन जिउनको निमित्त।

कहिलेकाहीं समयले यस्ता प्रश्नहरू तेर्स्याउँछ कि जसको उत्तर खोज्न हामीलाई उकुसमुकुस हुन्छ, एक प्रकारको डाहा हुन्छ। तर ती उत्तरहरू पाउनु अघि नै हामीले बिर्सिसकेका हुन्छौं। ती प्रश्नहरू पर्खाल बनिदिन्छन्, जसको उत्तर भेटिंदैन या खोजिने प्रयास गरिंदैन।

जीवन ताल होइन कि एकै ठाउँमा कञ्चन बनेर बसोस्। जीवन नदी हो। हिमालको कोखबाट जन्मिएर पहाडका खोंचहरू छिचोल्दै, समतल तराईका फाटहरूलाई उर्वर बनाउँदै गन्तव्य ३० लाग्छ र सागर महासागरमा मिसिन्छ। मिसिनु अन्त्य होइन, सुरुआत हो। कुनै एक ठाउँको अन्त कुनै अर्को ठाउँको सुरुआत हुन्छ।

संसारको महान् ढोंगी, त्यो हो जसले आफूलाई नै समय छैन यार कसरी गर्ने ? भन्छ। या त ऊ पूर्णरूपमा अल्छी हुनुपर्छ, या त ऊ ढोंगी। तर म भने ति ढोंगीमा पर्दिनँ म दिनमा समय बेचे पनि रातमा आफ्नोलागि जिउने गर्छु। जस्तोसुकै भीडमा पनि आफ्नोलागि समय निकाल्ने गर्छु। आफूले आफैंलाई आफ्नैलागि व्यस्त तालिकाबाट समय खर्चने गर्छु।

तराईको तातो गर्मी र कामबापत आउने तलबभत्ता आएसँगै तनाव कम गर्न कतै जाने निधो गरें। लामो दिनको लागि कतै जाऊँ, काममा पाएका नयाँ जिम्मेवारी छोड्नु उचित लागेन। सानै भएपनि समय मिलाएर कतै पदयात्रा जानु पर्ला।

शुक्रवारको दिन हुदो हो कल गरे। कल उठेन। कलेजको गेटबाट बाहिर निस्किएको मात्र के थिएँ मोबाइल बज्यो।

उसले भन्यो- कल गरेको थिइस् ?

कहाँ हो घरमा ?

चिया खान हिंड्, मैले भनें।

ऊ प्रसन्न। कहाँ जाने ?

के कहाँ जाने ? जा जाँदानि भैगो।

धानुसको चिया मीठो छैन, त्यहाँ छोडेर जतानि जाम। मैले भनें।

जाम मेडिकल कलेज ?

किन ? तेति पर यतै गए भैगो त ? मैले भनें।

हरियाली छ त्यता। हे हे हाँसेको भावमा उत्तर आयो।

ल ल जाम्नत।

उसले आशा गरेको हरियाली, जेठको तराईको घाममा नदेखिएपछि। निराश भयो।

उसले चिया खान छोडिसकेको रहेछ। ऊ चिया हैन हट कफी विदाउट सुगर भइसकेको रहेछ। हामी दुई भौतिकरूपमा मात्र सँगै थियम्, एकै टेबलमा तर वास्तवमा हाम्रो ध्यान सोसल मेडियामा थियो। हामी एक टकले मोबाइलमा बिजिथ्यम। कुनै भर्खरै आएको अपरिचितले हेर्ने हो भने हामी बेल्लाबेल्लै बसेको भन्ठान्थे होला।

टिकटकको रिलमा एक रिल भेटियो। ए त्यो रिल मतिर देखाउँदै भन्छ। क्या सही यार कुन ठाउँ हो यो।

मैले नि त्यो रिल हेरें। अ यार। जाम गैदिम। पत्ता ला त कहाँ को हो।

यात्रा



पुकार सुवेदी

लटरमेश्वर महादेव। मकवानपुर। जाम जाने। ४ बज्निरा'छ बेल्कासम्म



पुगिन्छ ? उसको उत्तेजना। हैट यति पर छ ठिङ्न कहाँ भ्याउँछ। झन्डाझन्डै काठमाडौं।

भोलि जाम ? बरु बिहानै। के छ विचार। डन।

चिया र कफीबीचको मात्र हैन, यो सम्बन्ध बालपनमा सँगै एक बेन्चमा जोडिएको भएर होला। मीठो र राम्रो थियो।

बिहानै उसको कल आयो- उठिस् ? उठिसकें ? झट न बोल छिटो फ्रेस हो।

ल ल १० मिनेटमा तेरो दैलोमा।

यात्रा वीरगंज, हेटौंडा, मकवानपुरगढी, ठिङ्न, काठमाडौं जाने पहाडी लोकमार्ग कान्ति लोकराजपथको घुम्ती, उकाली-ओराली सँगसँगै बग्दै हामी। ठिङ्नबाट लोकमार्गको चिल्लो बाटो छुट्टिएर उत्तरतिर उकालो र कच्चा बाटाहरूमा जान्छम् देखेका यात्रालाई पकाउन।

बाटो जस्तो थियो, तेस्तै नै थियो हामी हरेक दोबाटोमा रूकेर सोधिने प्रश्नहरू। दाजु/दिदी यो लटरमेश्वर महादेव जाने बाटो कुन हो ?

यो बाटो न छोडीकन सीधै जानु।

फेरि केही बेरमै त्यही गति। एकपटक तीन घुम्ती आयो र बाटो हराएम् कि भनेर हामी त्यही केही बेर बसेम्। कोही आउलान् र बाटो सोधम्ला भनेर।

लास्टै यार यसो केही एरोहरू लगाको भएनि हुनेनि। मैले भनें।

साथीले मेरो कुरामा हमा ह थप्दै भन्छ- तेही त थाहा भएको भए म पेन्टिङ स्प्रे लेर आउँथें। एरोले बाटो देखाउँथें। म आफैं बनाइदिन्थें।

पेन्ट स्प्रे त परको कुरा हामीले त हावा तालमा हिनेर होला यसो खानलाई केही नि लगेको रहेनछम्। त्यो नि एक ग्रुपका भाइहरूले टन्न सामान बोकेको देखेर याद भयो।

हामी पसल खोज्छम् तर हाम्रो भाग्य पसल नि पाएन। र ती भाइहरूलाई फकाउँदै साथीले खानेकुरा किन्ने प्लान बनाउँछ तर ती भाइ मेरो साथीभन्दा चलाख दिंदैनन्।

जाम माथि पाउँछ। हिन्न।

केही माथि गएसि एकजना बा घाम तापेर बसिरहेका थिए। त्यो पसलबाट माग बमोजिमको सामान नभएनि आवश्यकता अनुसारको सामान चै पाएम् त्यहीं लेर हामी।

जुत्ताका तुनासँगै एक नयाँ गन्तव्यको बाटो कस्छम्। ततलल केही बस्ती भएनि माथि खासै केही थिएन। एकान्त मन पराउनेहरूको लागि गन्तव्य सूचीमा पर्नुपर्ने तर। छैन।

कतै सजिला सिढीका खड्किला कतै ठाडो उकालो कतै भीर कतै ओरालो। हामी यसलाई पालैपालो उकलिंदैथ्यम्। वास्तवमा हाइकिङको यात्रा र जीवनको यात्रा उस्तै लाग्छ मलाई। यात्रापछिका सफलता यति सुन्दर हुन्छन् कि ती यात्राका बेला छाडिएका सङ्ग्रहका ठोबरहरूको पीडा र बेथा केही हैन। यात्रा जति कठिन त्यति नै सुन्दर गन्तव्य।

स्वाँ स्वाँ स्वरमा म भन्छु। बसम् यार।

म त थाकेकै छैन। स्वाँ स्वाँ स्वाँको लयमै भन्छ। उसको स्वरमा यति थकाइ थियो तर मनमा थिएन।

तँ हैन म थाकेको छु बस। मैले भनें।

ऊ ज्ञानी विद्यार्थीझैं लुसुक्क छेउमा बस्यो।

बादलहरू पहाडमा ठोकिंदा रूखलाई छिछोल्दै बतासझैं बगिरहेथ्यो। लाग्दै थियो कि कसैले फ्रीज खुल्लै छोडदिएको छ। तर त्यो प्राकृतिक फ्रीज थियो। प्राकृतिकरूपमा हामी कति धनी छम् है।

त्यही तल वीरगंजमा ४०/४१ तापक्रम यता २१ केवल ८० किलोमिटरको यात्रामा २० को फरक।

सुनसान जङ्गल सुस्त सुसेलिरहेको थियो, आफ्नै स्वरमा। रूखका पातहरू नाचिरहेका थिए, चीसा हावाका चालमा। ढुकुर, कोइली मुखमा चारो बोकी ललाइरहेका बचेरहरूलाई ख्वाइरहेका थिए। चिरचिर स्वरमा। शहरको कोलाहलबाट कोस पर एक्लै रमाइरहेका थिए एक जोडी ढुकुर।

सुस्तसुस्त हिंड्दै गरेका केही वटुकहरूलाई छोड्दै। विद्यार्थीको हुलमा मिसिन पुगेम् हामी। सायद ती हेटौंडाको कुनै कलेजको समूह हुनुपर्छ। तिनका गति हाम्रो गतिसँग मेल खाएन। हामी तिनलाई नि छिछोल्दै अघि बढेम्। अलि माथि गएपछि केही चौतारो बस्ने ठाउँ र केही बढी नै भीड भेटेम्। त्यहाँबाट काठमाडौं, ललितपुर हुँदै आउने एक लर्को रूट रै'छ। र दुईवटा साना पसल। तल गाउँमा नपाएको सामान त्यहाँ पाउँदा मेरो साथी अघिभन्दा बढी खुशी भयो। केहीबेरको आरामपछि गन्तव्यमा लागेम्।

यात्रामा शरीर थाकेको हुन्छ, तर मन थाक्या हुँदैन, जहाँसम्म पैतालाहरू पुग्छन्, त्यहाँसम्म शरीर पुग्छ, जहाँ पैतालाहरू पुग्दैनन्, त्यहा आँखा टेकिन्छ र पुगिन्छ।

पातलो भीर बायाँ र दायाँतिर कति

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



**हरिकृष्ण बराल**
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

जुन मानिसले आफूलाई आफैंले पाप थोपर्दैन, उसले कसैप्रति पनि पाप गर्न सक्दैन । तर कुनै मानिस अन्धकारको स्वीकारबाट बचन अन्धकारलाई अस्वीकार गर्छ । उसको जीवन अन्धकारको निषेधमा नै लागिरहन्छ । यो पनि भूल हो । अन्धकारलाई मान्नु पनि भूल हो र अन्धकारसँग लड्नु पनि भूल हो। जसले अन्धकार छ भनेर जान्छ, उसैले त्यो अन्धकार हटाउन प्रकाश जलाउने आयोजन गर्न सक्छ । अन्धकारको आफ्नो कुनै सत्ता छैन, अन्धकार भनेको प्रकाशको अभाव मात्र हो । प्रकाश आउनेबित्तिकै अन्धकार हराउँछ । अशुभ, अनीति, अधर्म सबै अन्धकारजस्तै हुन् । हामीहरू अशुभ, अनीति, अधर्म हटाउनतिर लाग्नुहुँदैन, बरु शुभको, नीतिको, धर्मको दियो जलाउनेतर्फ लाग्नुपर्छ । हामीले शुभ, नीति र धर्मको दियो जलाउन सक्यौं भने यी सबै स्वतः हटेर जानेछन्। धर्मको ज्योति नै अधर्मको मृत्यु हो । हामी अन्धकारसँग नलडौं, लडनै छ भने प्रकाश पाउन लडौं। जो प्रकाश प्राप्त गर्न सक्षम हुन्छ, उसको जीवन प्रकाशमय हुन्छ । उसको जीवनमा अन्धकारको कुनै स्थान हुँदैन ।

गौतम बुद्ध भन्छन्– आफ्नो दियो आफैं बन । ओशो भन्छन्– जीवन उत्सवपूर्वक बाँच। दुवै उपदेशको तात्त्विक अर्थ एउटै हो । यसमा केही भेद छैन । गौतम बुद्धले जीवन जिउने सुरुआत कसरी गर्ने भनेर बताएका छन्। उनले आफ्नो दियो आफैं बन, आफूभित्र ध्यानको दियो जलाएर जाग्रत बन्ने कुरा बताएका छन्। सन्त मलुक दास जागरणमा अझै जाग्रत हुने कुरा गर्छन्। हामीले जुन हाम्रो सामान्य दिनचर्याको जागरण छ, योभन्दा अरू जाग्रत हुनुपर्छ। हाम्रो कन्ससनेस, सुपर कन्ससनेसमा परिवर्तित हुनुपर्छ । गौतम बुद्ध आफूभित्रको दियो जलाएर आफ्नो आत्माको जरामा ध्यानको जल सिंचाइ गर्न भनिरहेका छन् । यदि हामीले यसो गर्‍यौं भने यसको परिणाम के हुन्छ भन्नेबारे ओशोले जीवन उत्सवपूर्वक बाँच्ने कुरा गरेका छन् । जुन मानिसको भित्र आलोकित भयो, प्रकाशमय भयो, उसको बाह्य जीवन उत्सवपूर्वक हुन्छ । उसको जीवनमा आनन्द अभिव्यक्त हुन्छ। गौतम बुद्ध प्रकाश जलाउने कुरा गरिरहेका छन् भने ओशोले प्रकाश जलेपछि किरण फैलिन्छ भन्ने कुरा गरिरहेका छन् । एकजना भनिरहेका छन्–जरामा खाद पानी हाल, अर्का भनिरहेका छन्–यदि तिमीले त्यसो गर्‍यौ भने तिम्रो जीवनमा फूल फुल्नेछ र त्यसको सुगन्ध तिम्रो वरिपरि फैलिनेछ । उनीहरू एउटै प्रक्रियाका दुई छेउको कुरा गरिरहेका छन् । यी दुवै कुरालाई अलगअलग लिनुहुँदैन । दुवै कुरा एक साथ जोडेर लिनु उचित हुन्छ। सन्तहरू सबैले एउटै कुरा बोल्छन्। सन्त दादु भन्छन्– “सभी सयाने एकमत, सबका एक ही बात । जिन पहुँचे तिन कह गए, सबकी एक ही बात ।”

यदि कसैलाई ध्यानमा रुचि छैन तर सङ्गीत, सुमिरन, सेवाभक्तिमा ज्यादा आनन्द आउँछ भने मलाई ध्यानमा किन रुचि भएन भनेर चिन्ता लिनुपर्दैन । किनकि जो मानिस विचारशील छ, बुद्धिको तलमा बाँचिरहेको छ, मनको तलमा बाँचिरहेको छ, ध्यान त्यस्तो मानिसको लागि हो ।

सङ्गीतमा, सुमिरनमा, भक्तिमा, गीतमा, नृत्यमा रुचि हुने मानिस हृदयको तलमा जिउँछ, भावको तलमा जिउँछ । ऊ मन तथा विचारको तलमा जिउँदैन । त्यसैले उसको लागि श्रद्धाको, समर्पणको, भक्तिको मार्ग सही हुन्छ । यदि ऊ यस मार्गमा हिंड्यो भने उसको जीवन सङ्गीतमय, उत्सवमय हुन्छ ।

यसलाई हामी उदाहरण हेरेर प्रस्ट हुन सक्छौं । एकातर्फ ध्यानका प्रतीक महावीर र अर्कोतर्फ भक्तिको प्रतीक मीराबाई छन्। दुवै एकअर्कासँग बिल्कुलै भिन्न छन् । उनीहरूले जे जाने, त्यो परम सत्य भने एउटै हो। यसमा किञ्चित फरक छैन । तर यो परम सत्यलाई जान्ने उनीहरूको मार्ग भने बिल्कुलै अलग छ। महावीरले आफैंभित्र अत्यन्त जाग्रत अवस्थामा डुबेर जाने। मीराबाईले नाचेर, गाएर, प्रार्थना गरेर श्रद्धा र भक्तिभावमा डुबेर सद्‌गुरु रैदासको चरणमा समर्पित भएर जाने। यी दुवै मार्ग बिलकुल अलग छन्। मीराबाईको हातमा एकतारा छ। उनको मार्ग सङ्गीतमय छ। त्यसैले हामीले आफ्नो रुचि अनुसार आफ्नो मार्ग छान्नुपर्छ ।

प्रत्येक साधक–साधिकाले जुन मार्ग आफ्नो अनुकूल छैन, त्यसलाई छोडिदिनुपर्छ । जुन मार्गमा हिंड्दा जीवनमा शान्ति मिलिरहेको छ, प्रेमको अभिर्भाव भइरहेको छ, त्यही मार्ग आफ्नो हो भनेर जान्नुपर्छ ।

ओशो भन्छन्– हामीले अतिवादबाट सधैं बच्नुपर्छ। यदि हामी सीमान्त दायाँ गयौं वा सीमान्त बायाँ गयौं भने दुवै स्थितिमा खाडलमा पर्छौं । हामी मध्य मार्गबाट हिंड्यौं भने सन्तुलनमा रहन्छौं। गौतम बुद्ध यसलाई मध्यम मार्ग भन्छन् भने लाओत्सु यसलाई द गोल्डेन मीन भन्छन् । सर्कसमा हामी कहिलेकाहीं नटुवाले डोरीमा हिंडेको देखेका छौं । उसको हातमा एउटा लामो लौरो हुन्छ। ऊ दायाँतर्फ झुक्न लाग्यो भने हातमा लिएको लौरोलाई बायाँ झुकाएर आफ्नो सन्तुलन कायम राख्छ । यदि ऊ बायाँ झुक्न लाग्यो भने लौरोलाई दायाँ झुकाएर सन्तुलन कायम राख्छ ।

ठीक यसैगरी जुन मानिस सन्तुलित जीवन जिउँछ, शान्तिपूर्वक जीवन जिउँछ, त्यही मानिसलाई सन्त भनिन्छ। न सुखद उत्तेजनामा जीवन जिउँछ, न दुःखद उत्तेजनामा जीवन जिउँछ, उसले दुवै अति त्यागिदिन्छ। उसले खुशी तथा उदासी दुवै त्यागिदिन्छ । ऊ सधैं मध्यमार्गबाट हिंड्छ। ऊ सधैं शान्त र सन्तुलित रहन्छ। यस्तै व्यक्तिले आफ्नो जीवनमा सन्ततत्त्वको अनुभव गर्न सक्छ। यसैले संस्कृतमा एउटा भनाइ छ– अति दर्पे हतो लङ्का। अति माने च कौरवा। अति दाने बलीबद्धं। अति सर्वत्र वर्जयेत।

सकारात्मक सोच तथा नकारात्मक सोच दुवै सोचाइका अति हुन् । एउटा मानिसले प्रत्येक चीजलाई सकारात्मक दृष्टिकोणले हेर्छ, सकारात्मक दृष्टिकोणले सोच्छ । उसले खास रङ्गको चश्मा लगाएको छ। ऊ आशावादी भएर जीवन जिउँछ। अर्को मानिस प्रत्येक चीजलाई नकारात्मक दृष्टिकोणले हेर्छ, नकारात्मक दृष्टिकोणले सोच्छ। उसले पनि आफ्नो आँखामा खास रङ्गको चश्मा लगाएको छ । ऊ निराशावादी भएर जीवन जिउँछ।

आशावादी तथा निराशावादी आआफ्नो सोचले गर्दा दुवै अतिवादी हुन् । यी दुवै अतिजस्तै, हाम्रो मन पनि घडीको पेन्डुलमजस्तै कहिले दोस्रो अतिमा जान्छ, अनि फेरि फर्केर पहिलो अतिमा आउँछ। जब घडीको पेन्डुलम बायाँ गइरहेको हुन्छ, तब हामीलाई लाग्छ बायाँ गइरहेको छ । तर वास्तविकता त्यसो नभएर घडीको पेन्डुलम दायाँतर्फ फर्कने शक्ति आर्जन गर्न बायाँतर्फ गइरहेको हुन्छ। त्यसैले हामी पनि एउटा अतिमा गयौं भने अर्को अतिमा जानबाट रोकिन सक्दैनौं। समझदार मानिस त्यही हो, जो दुवै अतिबाट बच्दै बीचमा रोकिन सक्छ।

त्यसो भए सकारात्मक सोच तथा नकारात्मक सोचको मध्यमा के छ त ? त्यसैलाई गौतम बुद्धले, महावीरले, ओशोले सम्यक दृष्टि भनेका छन् । उनीहरू भन्छन्– सकारात्मकता र नकारात्मकता दुवै असम्यक हुन् । ती दुवै असम्यकबीच सम्यक छ। हामीहरू कुनै चीज वा घटनालाई सकारात्मक वा नकारात्मक दृष्टिकोणले नहेरौं । त्यसलाई हामी जस्तो छ, त्यस्तै दृष्टिकोणले हेरौं। हामी आफ्नोतर्फबाट सकारात्मक वा नकारात्मक कुनै तर्क नगरौं । क्रमशः

# आर्सेनिक प्वायजनिङ : २

स्वास्थ्य चर्चा




**डा शिवशङ्कर यादव**
shivshankaryadav3398@gmail.com

मानिसको मृत्युपछि केही समयमा पूरै अररो हुन्छ । यसलाई अङ्ग्रेजीमा राइगर मार्टिस भनिन्छ । ल्याटिनमा राइगरको अर्थ ‘कडा हुनु’ र मार्टिसको ‘मृत्युपछि’ हुन्छ। मांसपेशीमा एक्टिन र मायोसिन नामक फाइबर हुन्छन्, जसले गर्दा मांसपेशी खुम्चिने वा फैलिने हुन्छ। यो काम एटिपी नामक तत्त्वले गराउँछ। मृत्युपछि यही एटिपी सिद्धिन्छ । तब एक्टिन र मायोसिन दुवै तन्तु एक आपसमा टाँसिएर कडा हुन्छ। मांसपेशी त सम्पूर्ण शरीरमा हुन्छ, त्यसैले सम्पूर्ण शरीर अररो हुन्छ । यो क्रिया एक घण्टापछि पहिले अनुहारबाट शुरू भएर १२ घण्टामा पूरै शरीरमा फैलिन्छ। यो अवस्था आगामी १२ घण्टासम्म रहन्छ र अर्को १२ घण्टापछि खुकुलो हुन्छ, जुन अटोलाइसी र प्युटिफैक्सनको प्रभावले हुन्छ । त्यसैले गाउँघरमा मर्नेबित्तिकै मानिसको हातखुट्टा खुम्चाइदिइन्छ, जसले दाहसंस्कार गर्दा शवले कम ठाउँ छेक्छ। दाउराको खपत कम हुन्छ।

राइगर मार्टिस आर्सेनिक प्वायजनिङमा लामो समयसम्म रहन्छ किनभने आर्सेनिकले अटोलाइसिस र प्युट्रिफेक्शनको क्रिया रोकिदिन्छ। यसको अतिरिक्त आर्सेनिक प्वायजनिङमा मृत्युपछि डिहाइड्रेशनले छाला खुम्चिएको, आँखा धसेको र हातखुट्टाको छाला सायनोज्ड हुन्छ। जन्डिसले गर्दा छालाको रङ्ग पहेंलो हुन्छ। मुख र ग्रासनली त्यति प्रभावित हुँदैन तर कहिलेकाहीं त्यसमा अल्सर देखिन्छ । आमाशयमा आर्सेनिकका सूक्ष्म टुक्रा पाउनुका साथै आमाशयको भित्ता नरम, सुन्निएको हुन्छ, जसमा आर्सेनिकका सूक्ष्म कणहरू देखिन्छन्। आर्सेनिकले आमाशयमा घाउ र प्वाल पनि पार्न सक्छ। सानो आन्द्रामा रगत देखिन्छ र सम्पूर्ण लम्बाइमा रातो र सुन्निएको हुन्छ। त्यस्तै, ठूलो आन्द्रा र रेक्टम पनि सङ्क्रमित हुन्छ। कलेजो, फियो, मिर्गौला सबै सुन्निछन् र बढ्छन्। फोक्सोको तल एकाइमोसिस अर्थात् रगत पाइन्छ । यस अतिरिक्त त्यस रगतमा आर्सेनिक पाइन्छ । ब्रेन रातो हुन्छ र भेन्ट्रिकल सिरम द्रवले भरिएको हुन्छ।

उपरोक्त अवस्थामा निम्न तरीकाले उपचार गरिन्छ । चिकित्सकले याद राख्नुपर्छ कि जब आर्सेनिकका मिहीन पाउडर खाली पेटमा जान्छ, तब आर्सेनिक म्युकस मेम्ब्रेनमा गएर टाँसिन्छ, जसले आमाशयमा भारी सङ्क्रमण त गर्छ नै, बान्ता गराउने औषधि वा एन्टिडोटको कार्यलाई पनि रोकिदिन्छ। पहिलो चरणको उपचार आमाशयबाट आर्सेनिकलाई बाहिर निकाल्नु नै हो । यदि पेट भरिएको छ भने बान्ता गराउने औषधि दिइन्छ, तर के ध्यान दिनुपर्छ भने त्यसमा टार्टार र कपरसल्फेट दिनुहुँदैन। यदि पेट खाली छ भने क्रमशः मनतातो पानी र दूधले आमाशयको सफाइ गरिन्छ । त्यसपछि फेरिक अक्साइड दुई चम्चा दिइन्छ, जसले आर्सेनिक एसिडलाई फेरिक आर्सिनेटमा बदलिदिन्छ, जुन अघुलनशील र नोक्सानरहित हुन्छ। यदि यो उपलब्ध छैन भने म्याग्नेशियमको घोलमा एनिमल चारकोल मिलाएर दिइन्छ। सोडियम थायोसल्फेट पनि लभाजको लागि




उपयोगी हुन्छ । यसको १० प्रतिशतको घोलको २५० मिलिग्राम नसाबाट दिइन्छ तर यसको कार्य संदेहास्पद हुनाले ब्रिटिश एन्टिलेविसाइट दिनु श्रेयस्कर हुन्छ । ब्रिटिश एन्टिलेविसाइटको २.५ देखि ५ मिलिग्राम प्रतिकिलोको हिसाबले डिपमस्कुलर इन्जेक्शन प्रत्येक चार घण्टामा दुई दिनसम्म दिने गरिन्छ । त्यसपछि २.५ मिलिग्राम प्रतिकिलोको हिसाबले दुईचोटि तेस्रो दिन र मात्र एकचोटि त्यसपछि दिइन्छ । कति दिनसम्म दिने भन्ने कुरा रोगीको अवस्था र औषधिको प्रतिउत्तरले निर्धारण गर्छ। यसको साइड इफेक्टमा आधा घण्टाभित्र वाकवाकी, बान्ता, हाइपोटेन्शन, धड्कन बढ्ने देख्न सकिन्छ। त्यसपछि इरिटेशन कम गर्नको लागि घ्यू, बटर, अल्बुमिनको पानी, बार्ली आदि दिइन्छ। प्यास कम गर्नको लागि मुखमा बरफको टुक्रा राखिन्छ । कास्टर आयल वा म्याग्नेशियम सल्फेटले आन्द्रामा आर्सेनिकको अवशोषण कम गर्छ। दुखाइ कम गर्नको लागि सबक्युटेनियस मोर्फिन दिनुपर्छ। डिहाइड्रेशनको लागि ग्लुकोज स्लाइन र एन्युरिया ठीक पार्नको लागि मोलर लेक्टेट दिइन्छ। कहिलेकाहीं रगत चढाउन पनि जरुरी हुन्छ। कोलेप्स ठीक पार्न मुटु उत्तेजित पार्ने र क्रैंप्स ठीक पार्ने औषधि दिनुपर्छ । आर्सिनियुरेटेड हाइड्रोजन यदि सासभित्र पुगेको छ भने आक्सिजन जरुरी हुन्छ ।

**क्रोनिक प्वायजनिङ** : यो अवस्था ती मानिसमा हुन्छ, जसले खानीबाट धातु पगाल्ने, शुद्ध गर्ने, सेतो आर्सेनिक परिष्कार गर्ने, घास समाप्त पार्ने केमिकल, इन्सेक्टिसाइड, पेंट, रङ्ग, शृङ्गार प्रसाधन वा औषधि फैक्ट्रीमा काम गर्छन्। डेकोरेटेड छतबाट वा जसले आर्सेनिकयुक्त औषधि लिन्छ, उसमा पनि क्रोनिक आर्सेनिक प्वायजनिङ देखिन्छ । यो पनि याद राख्नुपर्छ कि एक्युट प्वायजनिङबाट ठीक भएको, खासगरी बढी डोजबाट निको हुनेमा पनि क्रोनिक लक्षण देखिन्छ । यस्तो लक्षणलाई चार चरणमा बाँडिन्छ :

**प्रथम चरण** : यस चरणमा ग्यास्ट्रिक लक्षण वजन कम हुनुभन्दा पहिले देखिन्छ। आलस्य, भोकको कमी, ज्याल आउने, बाउँडिने र दुखाइ, प्रायः कब्जियत तर कहिलेकाहीं पखाला चल्ने, पित्तको साथ बान्ता, गिजा रातो र सुन्निने, जिब्रोमा सेतो फर, तल्लो परेलाको साथै खुट्टा सुन्निन्छ। शरीरको तापक्रम र पल्सको गति बढ्छ ।

**दोस्रो चरण** : यस चरणमा छालामा बिमिरा निस्कने, लैरिक्स र घाँटीमा बढी म्युकस, चिलाउनुको साथै घाँटी सुक्ने र त्यस कारण आवाज मधुरो हुने जसलाई होर्सनेस वा हस्की भ्वाइस भनिन्छ । आँखाको नानी फैलिएको, फोटोफोबिया अर्थात् प्रकाशबाट तर्सिने र कन्जक्टाइभा रातो हुन्छ । यस अतिरिक्त नाक बग्ने, कफमा रगत देखिने, किनकि ट्रेकिया सङ्क्रमित हुन्छ । कलेजो बढेको र मिर्गौलामा क्षति देखिन्छ। छालामा ठाउँठाउँमा पिग्मेन्टेशन देखिन्छ, जुन एकापसमा जोडिएको हुन्छ, जसलाई मैटेड वा जोडिएको पिगमेन्टेशन भनिन्छ। यो पिगमेन्टेशन छोपिएको ठाउँ अर्थात् काखी र गुप्ताङ्गको अगलबगल रेनड्रोप अर्थात् थोपाको रूपमा देखिन्छ। केही महीनापछि र यहाँसम्म कि ६० वर्षपछि पनि हत्केला, पाइताला र यहाँसम्म कि टाउकोमा समेत कडा वार्ट अर्थात् ससाना मस्सा देखिन्छ। यो वार्ट क्यान्सरसमेतमा परिवर्तित हुन सक्छ । नङ कडा र सुक्खा भएर जान्छ । रौं सुखा भएर झर्छ । टाउको र गर्दनमा एक्जिमा र पिगमेन्टेशन देखिन्छ। नाकको सेप्टममा परफोरेशन पनि हुन सक्छ ।

**तेस्रो चरण** : यसमा मुख्य लक्षण संवेदनाजनित हुन्छ । टाउको दुःखाइ, झमझम हुने, हातखुट्टा सुनिने, छालामा बढी संवेदना हुने, तीव्र दुखाइका साथै मांसपेशी बाउँडिने, जोर्नी दुख्ने, आँखा र कुर्कुच्चा सुन्निने, अर्थात् घुँडाको जर्क समाप्त हुने, नपुंसकता, बोनमैरो डिप्रेशन र एप्लास्टिक एनेमिया अर्थात् बोनमैरोले रक्तकोष निर्माण कम गर्ने र यसरी रक्ताल्पता हुन्छ। यसमा फोलिक एसिड नामक भिटामिनको अवशोषण पनि नहुने देखिएको छ ।

**चौथो चरण** : यसमा पेरिफेरल न्युराइटिस र मांसपेशी सुक्दै जाने मुख्य लक्षण हुन् । यसले गर्दा हात र पैताला माथि उठाउन सकिन्न । यसमा छातीको मांसपेशी पनि प्रभावित हुन्छ । कम्पन, सुकेनास, रक्ताल्पता, पिसाब गर्ने बेला दुख्छ। त्यसपछि डेल्युजन अर्थात् मतिभ्रम र अन्तमा मुटुको पनि मांसपेशी काम गर्न नसक्दा मृत्यु हुन्छ ।

**उपचार** : यसको पहिलो उपचार रोगीलाई आर्सेनिक स्रोतबाट हटाउनु मुख्य हो । त्यसपछि आर्सेनिकलाई पिसाब र दिसाबाट बाहिर निकाल्ने प्रयास गरिन्छ। ब्रिटिश एन्टिलेबिसाइट डिपमस्कुलर इन्जेक्शन ६/६ घण्टामा दुई दिनसम्म, फेरि दिनमा एकचोटि दिने गरिन्छ । यसले विषाक्त एन्सेफेलोपैथी भनिने ब्रेनमा हुने असरलाई रोक्छ । न्युराइटिस कम गर्नको लागि भिटामिन बी १ इन्जेक्शन र मुखबाट खुवाउने दुवै तरीकाले दिइन्छ। यस अतिरिक्त रोगीको सम्पूर्ण स्वास्थ्य उकास्ने प्रयत्न गर्नुपर्छ ।

उपरोक्त सबै विवरण इनअर्गेनिक आर्सेनिकको हो । अर्गेनिक आर्सेनिक कम्पाउन्डको विषाक्तता इनअर्गेनिकभन्दा कम हुन्छ, जुन एनाफाइलेक्सिस अर्थात् कडा एलर्जी र छालाको इरप्सन बिमिरा, हिपेटाइटिस, जन्डिस र एनसेफलाइटिस अर्थात् ब्रेनको सङ्क्रमणको रूपमा परिलक्षित हुन्छ। अस्तु !

लघुकथा

## क्रम

ईश्वर पोखरेल

मोर्निङवाकमा थियौं– एक हुल हामी।

एकजना वरिष्ठ नागरिकले हतारमा सर्टको टाँक र टाँकघर नमिलाइ लगाउनु भएको रहेछ– तलमाथि पारेर। नमिलेकै कुरामा जाँदोरहेछ– मानिसको दृष्टि । उहाँसँग मेरो परिचय थिएन । त्यसैले भनौं भनौं भएर पनि भन्न सकिनँ। एक मनले भन्यो– “जसले जसरी लगाए पनि तँलाई के खाँचो ?”

अर्को घुम्तीमा फेरि भेट भयो– हाम्रो। कसैले सङ्केत गरेनछ क्यार, उहाँले मिलाउनुभएको रहेनछ। यसपटक भनौं भनौंको भाव अझ मुखरित भयो, कसैगरी रोकें।

हामी पोखरी वरिपरि घुम्दैछौं । बिहान यहाँ मोर्निङवाक गर्ने महिला तथा पुरुष धेरै हुन्छन्। वाकरहरू फरकफरक उमेरका छन्, पाका पनि छन्, जवान पनि छन् र केटाकेटी उमेरका पनि छन्। उहाँ र मेरो घुम्ने दिशा फरकफरक भएकाले पटकपटक भेटघाट हुन्छ– हाम्रो।

अब म कसोकसो उहाँलाई ख्याल गर्न थालेछु। उहाँलाई भन्दा पनि उहाँको सर्टलाइस सर्टलाई भन्दा पनि त्यो टाँक लगाइको ढङ्ढाँचालाई ।

अलि परैबाट देखें– उहाँ आउँदै हुनुहुन्छ। यसपटक मभन्दा केही अगाडि रहेका युवतीहरूले उहाँलाई हेरेर मुख छोपेर खित्का छाडेको मैले देखें ।

यो हाँसो भने मलाई ननिको लाग्यो। उहाँ मेरो नजीकै आइपुग्नुभएछ । मभित्रको भनौं भनौंको भाव अब परिपक्क भइसकेको रहेछ र त्यसले अभिव्यक्त हुन बाटो खोज्दै रहेछ।

मैले उहाँलाई रोकें, परिचय गरें र भूमिका बाँधेर भनें– “हतारमा कहिलेकाहीं यस्तो हुन्छ, मेरो पनि हुन्छ ।”

उहाँले मुसुक्क हाँसेर टाँक मिलाउनुभयो र धन्यवाद दिनुभयो ।

म पनि हलुको भएँ– अब मनको भनौं भनौंको भाव बिसाइसकेको थिएँ ।

– समकालीन साहित्य

## लटरमेश्वर महादेव ...

गहिरो थियो थाहा भएन । बादलहरू लडीबुडी गरेर दृश्य धमिलो भाथ्यो । ठाडो सिढीको ओरालोमा धन्न दायाँ र बायाँ रेलिङ बनेको रहेछ । उत्रने र उक्लने सिढी एकै भएकोले थोरै बेर कुर्नुपर्ने । ट्राफिक जाम भएको थियो । केहीबेरमा हाम्रो पालो आयो, हामी पनि हाम्रो गन्तव्यको अन्तिम सिढी चढ्दै थेम्।

पहाडको खोपमा शिव र पार्वतीको मन्दिर र एक विशाल त्रिशूल जसको उचाइ बादलले छेक्यो देखन सकिंदैन । त्यस बेला ।

मन्दिर परिसर साँघुरो भएनि भक्तालुको भीड, मन्दिरको रहस्य विशाल थियो ? एक छेउमा बसिरहेका बा रक्षा सूत्र बान्दै मन्दिरको प्रसाद टीका लगाउँदै हुनुहुन्थ्यो । म नि टीका लगाउन गएँ ।

यो मन्दिर को विशेषता के हो ? गुरु ।

हजुर ।

बाले सुनेनन् । निरन्तर बगेको हावाको वेग अघि मेरो स्वर सानो भयो बालाई । मैले पुनः भनें ।

गुरु बाले दक्ष प्रजापतिको अग्निकुण्डमा हाम फालेसी सतीदेवीले आफ्नो शरीर त्याग्छे। पत्नी वियोगमा शिव हातमा सतीदेवीलाई लिंदै हिंड्नुभयो। र शिव नभई यो जगत्को कुनै अस्तित्व छ त ? ऊ पनि ममाथि प्रश्न गर्छ ।

छैन ।

हो, त्यसैले सब भगवान् सङ्कटमा पर्नुभयो र विष्णुसमक्ष जानुभयो। विष्णु भगवान्ले कीरा, फटिङ्ग्रा बनाएर सतीदेवीको मृत शरीर गल्न थाल्यो र झर्न थाल्यो ।

सतीदेवीको केसका लटा र त्यस स्थानमा खस्न पुग्यो र त्यस स्थानको नाम लटरमेश्वर महादेव हुन पुग्यो ।

यो कुरा स्वस्थानीमा नि छ है ?

हजुर छ नि तिमीहरू अहिलेको पुस्ता पढेलेखेकाले यी कुराहरू चाँडै बुझ्छ । अहिले त सबमा छ यो कुराहरू ।

म हस् त बाजे हरि ॐ तत्सत् भन्दै त्यहाँबाट हामी पनि घरतिर लागेम्।

कति महत्त्वपूर्ण स्थलहरूमा लटरमेश्वर महादेव र दाता मर्दैछन्, सरकारको स्थानीय तह, मन्त्रालय तथा केन्द्रीय सरकारबाट आउने फन्ड कुर्दैछन्। संरक्षणको निमित्त ।

लटरमेश्वर महादेव स्वदेशी मात्र हैन विदेशी पर्यटक कुर्दैछन् त्योभन्दा बढी उहाँ आफ्नै पत्नीको साथ कुर्दैछन् ।

# अन्तर्राष्ट्रिय समाचार

## इरानमा राष्ट्रपतीय निर्वाचनको लागि मतदान शुरू

तेहरान, २१ असार/एएफपी

इरानमा गत मे महीनामा भएको



इस्लामिक गणतन्त्र इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनी। तस्वीरः एजेन्सी

हेलिकप्टर दुर्घटनामा ज्यान गुमाएका इब्राहिम रायसीको उत्तराधिकारीका लागि सुधारवादी उम्मेदवार मसूद पेजेस्कियान र संस्थापन पक्षधर सइद जलिलीबीचको प्रतिस्पर्धाका लागि शुक्रवार मतदान शुरू भएको इरानको गृह मन्त्रालयले जनाएको छ।

इस्लामिक गणतन्त्रका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले स्थानीय समय अनुसार बिहान ८ बजे मतदान शुरू हुँदा मतदान गरेको सरकारी टेलिभिजनले जनाएको छ।

गृहमन्त्री अहमद वाहिदीले सरकारी टिभीलाई बताए, "हाम्रो १४औं राष्ट्रपतीय निर्वाचनको दोस्रो चरणको मतदान शुक्रवार बिहानैदेखि शुरू भएको छ। निर्वाचनले देशका ५८ हजार ६३८ मतदान केन्द्र र विदेशका सबै मतदान केन्द्रमा दुई उम्मेदवारमध्येबाट भावी राष्ट्रपति चयन गर्नेछ।"

गाजामा जारी युद्धलाई लिएर क्षेत्रीय तनाव बढेको, इरानको आणविक कार्यक्रमलाई लिएर इरानको पश्चिमा मुलुकसँगको विवाद र प्रतिबन्धग्रस्त अर्थतन्त्रको अवस्थाप्रति जनताको असन्तोषको पृष्ठभूमिमा मतदान हुन लागेको हो।

इरानको निर्वाचन आयोगका अनुसार गत हप्ताको पहिलो चरणको निर्वाचनमा एकमात्र सुधारवादी उम्मेदवार पेजेस्कियानले सबैभन्दा बढी अर्थात् ४२ प्रतिशत मत प्राप्त गरेका थिए। पूर्व आणविक वार्ताकार जलिली करीब ३९ प्रतिशत मतका साथ दोस्रो स्थानमा आएका थिए। इरानको संविधानले व्यवस्था गरे अनुसार कुनै पनि उम्मेदवारको ५० प्रतिशत मत नपुगेको अवस्थामा दुई प्रमुख प्रतिस्पर्धीबीच निर्वाचन गर्ने व्यवस्था छ।

गत निर्वाचनमा छ करोड १० लाख इरानी मतदातामध्ये ४० प्रतिशतले मात्र मतदान गरेका थिए। यो सन् १९७९ को इस्लामिक क्रान्तिपछि कुनै पनि राष्ट्रपतीय चुनावमा भएको सबैभन्दा कम मतदान हो।

इरानका सर्वोच्च नेता खामेनीले पहिलो चरणमा सहभागिता 'अपेक्षितरूपमा नभएको' तर यो 'प्रणालीविरुद्धको कार्य' नभएको बताएका छन्।

गत साता भएको मतदानमा कन्जरभेटिभ संसद्का सभामुख मोहम्मद बघेर गालिबाफले १३.८ प्रतिशत मतका साथ तेस्रो स्थान प्राप्त गरेका थिए भने मौलवी मुस्तफा पोरमोहम्मदीले एक प्रतिशतभन्दा कम मत प्राप्त गरेका थिए।

इरानमा सन् २०२५ मा राष्ट्रपतिको चुनाव हुने तय भएको थियो तर मे महीनामा हेलिकप्टर दुर्घटनामा अतिरूढिवादी राष्ट्रपति रायसीको निधन भएपछि यो निर्वाचन अघि सारिएको थियो। इरानको आर्थिक समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध, न्यून मतदान र इन्टरनेट प्रतिबन्धका बारेमा दुईपटक बहस भएको थियो।

सन् २००८ देखि उत्तरपश्चिमी शहर ताब्रिजको प्रतिनिधित्व गर्दै आएका ६९ वर्षीय मुटुरोग विशेषज्ञ पेजेस्कियानले सन् २००८ देखि संसद्मा प्रतिनिधित्व गर्दै आएका छन्।

उनले इरानको मुख्य सुधारवादी गठबन्धनको समर्थन प्राप्त गरेका छन्। पूर्व सुधारवादी राष्ट्रपतिहरू मोहम्मद खतामी र हसन रौहानीले उनको अभियानलाई समर्थन गरेका छन्।

अर्का उम्मेदवार ५८ वर्षीय जलिलीले कट्टरपन्थी समर्थकहरूको ठूलो आधार जुटाएका छन् उनलाई गालिबाफ र अन्य दुई अतिरूढिवादी उम्मेदवारहरूको समर्थन रहेको छ। उनीहरू पहिलो चरणको प्रतिस्पर्धामा नै सहभागिताबाट बाहिरिएका थिए।रासस

## लेबर पार्टीको फराकिलो जीत, स्टार्मर नयाँ प्रधानमन्त्री बन्ने

लन्डन, २१ असार/एजेन्सी

किअर स्टार्मरको नेतृत्वमा रहेको लेबर पार्टीले बेलायती संसद्को तल्लो सदनमा स्पष्ट बहुमतसहित विजय प्राप्त गरेको छ।

संसद्को ६५० सिटमध्ये ४६७ सिट घोषणा हुँदा लेबर पार्टीले ३२६ सिट जितेको स्काइ न्यूजले शुक्रवार बिहान जनाएको छ।

कुनै पनि मिडिया आउटलेटले ३२६ सिटको सीमा पुगेको घोषणा गर्नु अघि नै बेलायती प्रधानमन्त्री ऋषि सुनकले आमनिर्वाचनमा हार भएको स्वीकार गरेका थिए।

बिबिसी, आइटिवी र स्काई न्यूजले गरेको एक्जिट पोलले केही घण्टा अघि लेबरले ४१० सिटको सानदार जीत हासिल गर्ने अनुमान गरेका थिए भने कन्जरभेटिभका लागि सिटको सङ्ख्या १३१ मा कायम हुने अनुमान गरिएको थियो। लेबर पार्टीले यो आमचुनाव जितेको बताउँदै नेता स्टार्मरलाई जीतका लागि बधाई दिएको सुनकले उल्लेख गरेका छन्।

बेलायती जनताले गम्भीर फैसला दिएको तथा त्यहाँ सिक्नुपर्ने धेरै कुरा भएको बताउँदै उनले हानिको जिम्मेवारी लिने उल्लेख गरेका छन्।

प्रधानमन्त्री सुनकले राजा चार्ल्स तृतीयलाई भेटी चाँडै आफ्नो राजीनामा घोषणा गर्ने अपेक्षा गरिएको छ। यसले स्टार्मरलाई बेलायतको नयाँ प्रधानमन्त्रीको पदभार ग्रहण गर्न मार्ग प्रशस्त गर्नेछ।

स्टार्मरले लेबर पार्टीको बहुमत पुष्टि भएपछि मध्य लन्डनमा जनतालाई सम्बोधन गर्दै भने, "हामीले जित्यौं। तपाईंले यसका लागि अभियान चलाउनुभयो, सङ्घर्ष गर्नुभयो, र जीतको अवस्था आइपुगेकोले परिवर्तनको अनुभूति छिट्टै हुनेछ।"

उनले भने, "बेलायती जनताले लेबर पार्टी र यसको नेतृत्वलाई विश्वास गरेका छन् र हामी उनीहरूको हितको लागि काम गर्न सक्छौं।" नेता स्टार्मरले लेबरको जीतमा योगदान गर्ने सम्पूर्ण नेता, कार्यकर्ता, शुभचिन्तकलगायत मतदाताप्रति आभार प्रकट गरेका छन्। रासस

## क्वालालम्पुर विमानस्थलमा ग्याँस चुहावट हुँदा ३९ जना बिरामी

मलेशिया, २१ असार/एएनआई

मलेशियाको प्रमुख अन्तर्राष्ट्रिय विमानस्थलमा ग्याँस चुहावट भएपछि कम्तीमा ३९ जना बिरामी परेको अल जजीराले शुक्रवार स्थानीय अधिकारीलाई उद्धृत गरी जानकारी गराएको छ।

घटनाको रिपोर्टको जवाफ दिँदै अग्नि नियन्त्रण सेवाले क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलको यात्री टर्मिनलबाट छुट्टै विमान इन्जिनीयरिङ सुविधामा रासायनिक चुहावट भएको जनाएको छ।

ग्याँस चुहावटका पीडितहरू चक्कर आउने, वाकवाकी लाग्नेलगायतका समस्याबाट पीडित भएका स्थानीय उद्धार अधिकारी मुहम्मद नूर खैरी सामसुमिनले विज्ञप्तिमा उल्लेख गरे।

अधिकारीले एक बिरामीलाई अस्पतालमा भर्ना गरिएको र अन्य १४ जनालाई उपचारका लागि एयर डिजास्टर युनिटमा लगिएको बताएका छन्।

प्रभावित व्यक्तिहरू सबै उक्त स्थल प्रयोग गर्ने तीनवटा कम्पनीमा कार्यरत छन्।

अधिकारीका अनुसार सार्वजनिक सुरक्षामा कुनै खतरा बढेको छैन भने घटनाले यात्री वा उडानलाई असर पनि गरेको छैन। प्रहरीका अनुसार नौ वर्षदेखि बेवास्ता गरिएको स्किड ट्याङ्क ग्याँस चुहावटको स्रोत थियो।

मुहम्मद नूरका अनुसार चुहावट भएको ग्याँस मिथाइल मर्काप्टानको रूपमा पहिचान गरिएको थियो र तरल पेट्रोलियम ग्याँसमा मिसाइन्छ। रासस




## रेलवेका छात्राहरूलाई महीनावारीबारे प्रशिक्षण



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २१ असार/

शैक्षिक शहीद मुकुन्दप्रसाद खनाल स्मृति प्रतिष्ठानले शुक्रवार रेलवे माविमा महीनावारीसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरेको छ।

प्रतिष्ठानका अध्यक्ष मुना खनालको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन नेपाल रेडक्रस सोसाइटी, पर्साकी उपाध्यक्ष मधु राणाले गरेकी थिइन्। सो अवसरमा उनले महीनावारी महिलाहरूमा हुने नियमित प्रक्रिया भएको बताइन्। उनले कतिपय छात्राहरूले यसलाई रोगको रूपमा लिने गरेको भन्दै सो नभएर नियमित प्रक्रिया भएको बताइन्। उनले महिलाहरूको शरीरमा हुने विभिन्न खाले विकारलाई महीनावारीको माध्यमबाट बाहिर निकाल्ने र यसले महिलालाई स्वस्थ बनाउने दाबी गरिन्। उनले महीनावारी हुँदा छात्राहरूलाई नआत्तिएर विशेष सरसफाइमा ध्यान दिन र गुणस्तरीय सेनेटरी प्याडको प्रयोग गर्न सुझाइन्।

कार्यक्रममा प्रशिक्षक कोहिमा अलीले कक्षा ५ देखि १० सम्मका छात्राहरूलाई महीनावारीबारे श्रव्यदृश्यमार्फत जानकारी गराएकी थिइन्। सो अवसरमा उनले छात्राहरूद्वारा सोधिएको महीनावारीसम्बन्धी जिज्ञासाको निराकरण गरेकी थिइन्। विद्यालयका प्रअ प्रभुप्रसाद रौनियारले छात्राहरूलाई लक्षित गरेर उनीहरूको प्रमुख समस्याबारे जानकारी गराइएकोमा आभार प्रकट गरेका थिए।

प्रतिष्ठानकी अध्यक्ष खनालले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर प्रतिष्ठानले सामाजिक सेवा गर्दै आएको बताइन्। कार्यक्रममा प्रतिष्ठानका सल्लाहकार डा हरेराम ठाकुर, उपाध्यक्ष पल्लवी हरलालका, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्का, दिलीप शर्मा बराल, राजेन्द्र भट्टराई, विना खतिवडा आचार्य लगायतको सहभागिता थियो। कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष प्रकाशकुमार उपाध्यक्ष र सचिव लालबाबू सिंहले सहजीकरण गरेका थिए।

## बालिकाहरूलाई साइकल वितरण



तस्वीरः प्रतीक

प्रस, पोखरिया, २१ असार/

क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको सहयोग र आसमान नेपालको आयोजनामा सञ्चालित बालिकालाई पछाडि नपारौं परियोजना अन्तर्गत जीराभवानी गाउँपालिकामा विद्यालय भर्ना भएका किशोरीहरूलाई शुक्रवार शैक्षिक सामग्री तथा साइकल वितरण गरिएको छ।

द्रुत सिकाइ केन्द्रमा नौ महीनाको पढाइ पूरा गरी विद्यालय भर्ना भएका ३० जनालाई शैक्षिक सामग्री, विद्यालय पोशाक तथा ३१ जना किशोरीलाई साइकल वितरण गरिएको थियो।

प्रधानाध्यापक कृपाशिन्धुप्रसाद पटवारीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामशरण खवासले किशोरीहरूलाई नियमित विद्यालय आउन आग्रह गरे। पढाइबाट नै गरीबी निवारण हुने भएकोले आफ्ना नानीबाबुहरूलाई विद्यालय पढाउन उनले अभिभावकहरूलाई सुझाए। कार्यक्रममा शिक्षा शाखा प्रमुख शिवराज फुयाँल, सन्तोष श्रेष्ठ, आसमान नेपाल जीराभवानीका संयोजक धर्मेन्द्र चौरसिया, सहजकर्ताहरू लालमती कुमारी, सन्द्रमाकुमारीलगायतको सहभागिता थियो।

### धनुषाको ...

कतै देखिएको थिएन, त्यो पनि फेला परेको छ," उनले भने।

विज्ञका अनुसार मिथिलाको प्राचीन सभ्यता पाउने सम्भावना करीब सातदेखि १० हजार वर्ष पुरानो तथ्य यहाँ भेट्न सकिन्छ। लिपिका आधारमा पूर्वमध्यकाल वा आठौं/नवौं शताब्दीको इतिहास हुन सक्ने बताउँदै पुरातत्त्वविद् दर्नालले मन्दिरका पर्खाल थप पछ्याउँदै जाँदा धेरै कुरा पत्ता लाग्न सक्ने उल्लेख गरे।

सबैला नगरपालिकाका प्रमुख काशीराम यादवले मन्दिरको पश्चिमतर्फ प्रवेशद्वार रहेको यसको संरचनाले देखाउने भन्दै प्रवेशद्वारबाट उत्खनन शुरू गरिएको जानकारी दिए। "भग्नावशेषको माथिल्लो भाग सिमेन्ट र निकै पुराना इँटाले छोपिएको छ भने तल्लो भागमा ठूलाठूला ढुङ्गा एकापसमा जोडिएर रहेका अवस्थामा भेटिएका छन्," उनले भने।

ढुङ्गा प्राचीन समयको जस्तो देखिए पनि इँटा कहाँबाट ल्याइएको हो सोबारे थप अनुसन्धान गर्नुपर्ने देखिएको पुरातत्त्वविद् दर्नालले बताए। मिथिलाको सभ्यता काठमाडौंभन्दा पनि पुरानो भएकाले यहाँ जे पनि भेट्न सक्ने उल्लेख गर्दै उनले पूर्वमा कोशी र पश्चिममा गण्डकीसम्म प्राचीन मिथिलाको क्षेत्र भएको जानकारी दिए।

"अनुसन्धानका क्रममा यो मन्दिर प्राचीन रहेको प्रमाणित हुन्छ। यहाँ मिथिला, मौर्य, गुप्त र ब्रिजी सङ्घको सभ्यता लुकेको छ। अन्तिम अध्ययन नसकिएसम्म तथ्य के हो भन्न कठिन छ," पुरातत्त्वविद् दर्नालले भने।

स्थानीयका अनुसार २०३३/३४ सालतिर धनुषाका एक जमीनदारका भतिज झोपे मल्लले मन्दिरका साथै वरपरको क्षेत्र खन्न लगाएका थिए। बहुमूल्य वस्तु भेटिने लोभले झोपेले मन्दिर खन्न लगाएका भन्दै स्थानीय विन्देश्वर यादवले तत्कालीन समयमा ठूलोलाई रु सात र सानोलाई रु पाँच ज्याला दिइएको स्मरण गरे। मन्दिर खनेर ढुङ्गा छरपस्ट बनाएपछि स्थानीयको दबाबमा मन्दिरनजीक रहेको इनारबाट इँटा झिकेर माथिबाट इँटा जडान गरिएको उनले बताए।

मठेश्वरनाथ मन्दिर भनिएको स्थानमा अहिले पनि ठूलाठूला ढुङ्गा छरपस्ट अवस्थामा छन्। गाउँका कतिपयले सिलौटा बनाउन तथा अन्य प्रयोजनका लागि यहाँबाट ती ढुङ्गा लगिसकेका छन्।

"सोही मन्दिरको दक्षिणपूर्वमा इनार थियो। सो इनार अहिले पुरिएको छ। मन्दिरभन्दा पश्चिमतर्फ एउटा पोखरी थियो। त्यो पोखरी पनि पुरिएर खेतमा परिणत भएको छ," नगरप्रमुख यादवले भने।

पुरातत्त्व विभागले यस ठाउँमा प्राचीन मठेश्वरनाथ मन्दिर रहेको प्रमाणित गरिदिए यसलाई धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गरिने बताए। यस ठाउँको विकासका लागि विगत दुई आर्थिक वर्षदेखि नगरपालिकाको नीति तथा कार्यक्रममा पनि समेट्दै आइएको नगरप्रमुख यादवले जानकारी दिए।

विगतमा माध्यमिक परिक्रमा डोला पनि यही मन्दिर हुँदै जाने गरेको स्थानीय बताउँछन्।

परिक्रमाका सहभागी कतिपय भक्तजन अहिले पनि यो मार्ग भएर परिक्रमा डोलाका लागि जाने गरेका स्थानीय ७० वर्षीय फेकु यादवले जानकारी दिए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – कान्तिक्षय |
| मिथुन – सुयश | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यलाभ | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुभय |
| कुम्भ – चोरभय | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# चुरे संरक्षण अभियानद्वारा अमलेखगंजमा प्रदर्शन



तस्वीर: सौजन्य

प्रस, वीरगंज, २१ असार/

चुरे तथा वनजङ्गल संरक्षण अभियानको ब्यानरमा शुक्रवार बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगंजमा प्रदर्शन भएको छ ।

सिराहा, सप्तरीको महेन्द्र राजमार्ग बनाउने बहानामा चिनियाँ कम्पनीले नियमित हिसाबले चुरे पहाडको विनाश गर्दै आएको आरोप लगाउँदै प्रदर्शन गरिएको थियो। इलाका प्रहरी कार्यालय, अमलेखगंजबाट निकालिएको जुलुस नेपाल आयल निगम अमलेखगंज डिपोमा पुगेर कोणसभा गरी समापन भएको थियो ।

जुलुसमा चिनियाँ हस्तक्षेप बन्द गर, बिआरआई परियोजना खारेज गर, नेपालमाथि अनावश्यक चिनियाँ हस्तक्षेप बन्द गर, राष्ट्रिय स्वाधीनता कायम गरलगायतका नारा लगाइएको थियो । अभियानका केन्द्रीय सदस्य भुलावन पासवानले चुरे उत्खनन गरी विनाश गरिँदै आएको आरोप लगाए । उनले चिनियाँ रणनीति तथा विकासको नाममा तराई–मधेसमा पछिल्लो समय चिनियाँ विस्तारवादी कार्यक्रमहरू सञ्चालन भइरहेका र मधेसलाई मरुभूमि बनाउने काम भइरहेको भन्दै उनले यसबाट जोगिन सबैलाई एकजुट हुन आग्रह गरे ।

कार्यक्रममा पूनमदेवी चौधरी, सुनील भान्जा, चित्रलेखा चौधरी, सुनील कुशवाहा, सुभाष यादव, पार्वती नेपाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# सखुवाप्रसौनीमा सार्वजनिक सुनवाइ



प्रमोद यादव, पंचगावाँ, २१ असार/

पर्साको सखुवाप्रसौनी गाउँपालिकाको आर्थिक सहयोग र सहयोगी नेपाल वीरगंजको आयोजनामा शुक्रवार सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा पालिका अध्यक्ष यशवन्त यादव, उपाध्यक्ष शर्मिला विष्ट, प्रमुख प्रशासकीय अधिकृत राजेश रौनियार, वडाध्यक्ष, वडा सदस्यसहित १५० जना स्थानीयको सहभागिता थियो। कार्यक्रममा स्थानीयहरूले सेवाप्रवाहसम्बन्धी पालिकाका अध्यक्ष एवं अन्य जिम्मेवार व्यक्तिहरूसँग आफ्नो जिज्ञासा व्यक्त गरेका थिए । कार्यक्रम वडाध्यक्ष चिरञ्जीवी महतोको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको थियो।

# बोइलर कुखुराको चल्ला बरामद

प्रस, रौतहट, २१ असार/

सशस्त्र प्रहरीले एक हजार सात सयवटा बोइलर कुखुराको चल्ला बरामद गरेको छ। शुक्रवार परोहा नगरपालिका–८ बसिर चोक इलाकामा सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेड क्वाटर रौतहटबाट खटेको गस्ती टोलीले बोइलर कुखुराको चल्ला बरामद गरेको हो ।

अवैधरूपमा भारतबाट नेपालतर्फ बिआर ०५ एम ५११७ नम्बरको मोटरसाइकल र साइकलहरूमा राखी ल्याउँदै गरेको अवस्थामा चल्ला बरामद गरेको प्रहरीले जनाएको छ । करीब एक लाख सत्तरी हजार मूल्य बराबरका एक हजार सात सयवटा बोइलर कुखुराका चल्ला बरामद गरी जिल्ला कुखुरा व्यवसायी किसान सङ्घ, रौतहटका पदाधिकारी तथा स्थानीयहरूको रोहबरमा नष्ट गरिएको थियो । बरामद सवारीसाधनलाई आवश्यक कारबाईको लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ ।




## फेसबूकमा ...

बताउँछन् ।

फिसिङ र ह्याकिङ गरिएको लोकप्रिय व्यक्तिको प्रोफाइल अकाउन्ट र फेसबूक पेजबाट अश्लील फोटोको सहाराले कुनै ब्रान्डको प्रचार गर्न यो धन्दा चलाइरहेको बताइन्छ ।

जिल्लास्तरमा प्रहरीसँग भरपर्दो प्रविधि छानबीन गर्न सामर्थ्य नहुँदा यस्तो घटनाको जाँचबुझ गर्न पनि समस्या भएको जिल्ला प्रहरी कार्यालय, पर्साका एकजना प्रहरी अधिकृत बताउँछन् ।

उनले भने, फेसबूकको नेपालमा कार्यालय छैन । विदेशी निकायलाई कुर्नुपर्छ, भन्नुपर्छ ।

कतिपय घटना समाधान पनि हुन्छन्, कतिपयको जवाफ पनि आउँदैन ।

# खेलकूदको संसार

## महिला क्रिकेट खेलाडी बेगम निलम्बित

काठमाडौं, २१ असार/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली राष्ट्रिय महिला क्रिकेट खेलाडी अप्सरी बेगमलाई सङ्घको आचारसंहिता उल्लङ्घन गरेको भन्दै निलम्बन गरेको छ । क्यानको शुक्रवार बसेको केन्द्रीय कार्यसमितिको बैठकले टोली व्यवस्थापक र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको भन्दै बेगममाथि थप छानबीन गरी आवश्यक निर्णय गर्न अनुशासन आयोगलाई जिम्मा दिने निर्णय गरेको हो ।



श्रीलङ्कामा यही जुलाई १९ देखि २८ तारिखसम्म हुने महिला टी–२० एशिया कपको तयारीका लागि नेपाली महिला क्रिकेट खेलाडीको बन्द प्रशिक्षण चलिरहेको छ । सोही क्रममा बेगमले टोली व्यवस्थापक र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको भन्दै बेगमलाई क्यानले तत्कालका लागि निलम्बन गरेको जनाएको छ। यस्तै, क्यानले राष्ट्रिय टोलीका सदस्य सन्दीप लामिछानेले टी–२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा एक सय विकेट लिन सफल भएकामा बधाई दिँदै उनलाई 'ए' ग्रेडमा रहनेगरी केन्द्रीय सम्झौतामा अनुबन्ध गर्ने निर्णय गरेको छ। क्यानले उनलाई यही जुलाई १ देखि डिसेम्बर ३१ तारिखसम्म 'ए' ग्रेडमा अनुबन्धित गरिएको जनाएको छ ।

बैठकले क्यान उपाध्यक्ष रोशनकुमार सिंहसँगै केन्द्रीय सदस्य माधवकुमार कर्माचार्य, दुर्गाराज पाठक र सुनसरी जिल्ला क्रिकेट सङ्घका अध्यक्ष चेतनाथ पौडेललाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। उनीहरूले अमेरिका र वेस्ट इन्डिजमा हालै सम्पन्न टी–२० विश्वकप क्रिकेट प्रतियोगिताबारे आधारहीन विषयवस्तुको प्रचारप्रसार गरेको भन्दै स्पष्टीकरण सोध्ने निर्णय गरेको हो ।

यसैगरी, त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको 'पिच' पुनर्निर्माण गरी स्तरोन्नति गर्ने, प्रादेशिक क्रिकेट सङ्घसँग समन्वय गरी सातवटै प्रदेशमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको टर्फ विकेट निर्माण गर्ने, म्याच फिक्सिङमा अदालतबाट सफाइ पाएका क्रिकेट खेलाडी आदिल आलमको निलम्बन फुकुवा गर्ने सम्बन्धमा सङ्घको अनुशासन समितिलाई एक हप्ताभित्र आवश्यक निर्णय गर्न जिम्मेवारी दिनेलगायतको निर्णय भएको क्यानका महासचिव पारस खड्काले जानकारी दिए ।

## एभरेस्ट महिला भलिबल लिग हुने

काठमाडौं, २१ असार/रासस

नेपाल भलिबल सङ्घले इन्फिनिटी ड्रिम्स प्रालिलाई एभरेस्ट महिला भलिबल लिग सञ्चालन गर्न अनुमति दिएको छ। शुक्रवार आयोजित पत्रकार सम्मेलनमा नेपाल भलिबल सङ्घका अध्यक्ष जीतेन्द्रबहादुर चन्द र इन्फिनिटी ड्रिम्स प्रालिका प्रबन्ध निर्देशक आमिर अख्तरबीच उक्त प्रतियोगिता सञ्चालन गर्ने विषयबारे सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौता अनुसार ड्रिम्सले छ टोलीबीच फ्रेन्चाइज भलिबल लिग गराउने प्रालिका निर्देशक अख्तरले बताए। उनले भलिबलमार्फत महिला खेलाडीलाई सशक्तीकरण गर्नुका साथै भलिबल खेलको विकास र विस्तारमा सहयोग पुऱ्याउने बताए। सो सम्झौता सात वर्षका लागि गरिएको हो ।

अध्यक्ष चन्दले इन्फिनिटी ड्रिम्सले गरेको सहयोगले भलिबल खेललाई व्यावसायिकरूपमा अघि बढाउन सहयोग पुग्ने बताए। लिगका माध्यमबाट खेलाडीलाई भलिबल खेलप्रति आकर्षित गर्न र अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा खेल प्रदर्शन गर्न सहज हुने उनले विश्वास व्यक्त गरे। लिग शुरू हुने समय भने पछि तय गरिने सङ्घले जनाएको छ।

## दौडमा नरेन्द्र र राज्यलक्ष्मी पहिलो भए

दमक (झापा), २१ असार/रासस

दमकमा आयोजित १० किलोमिटर लामो दौडमा पुरुषतर्फ सशस्त्र प्रहरी बलका नरेन्द्रसिंह रावल र महिलातर्फ जुम्लाकी राज्यलक्ष्मी रावल पहिलो भएका छन्। बैतडी घर भई हाल सशस्त्र प्रहरी बलमा कार्यरत रावलले निर्धारित दूरी ३१ मिनेट ३० सकेन्डमा पार गरी पहिलो भएका हुन्। उनले उपाधिसँगै रु ५० हजार र प्रमाणपत्र प्राप्त गरे ।

उक्त दौडमा बझाङ घर भई हाल सशस्त्र प्रहरी बलमा कार्यरत करण रावलले ३१ मिनेट ४६ सेकेन्डमा दूरी पार गर्दै दोस्रो, ओखलढुङ्गाका मिङमारसिङ्गी तामाङ (३२ मिनेट २० सेकेन्ड) तेस्रो, तेह्रथुमका विज्ञान लिम्बूले (३३ मिनेट २४ सेकेन्ड) चौथो, भारतका विवेक क्षेत्री (३३ मिनेट ५७ सेकेन्ड) पाँचौं तथा भोजपुरका पवन राई (३४ मिनेट ४२ सेकेन्ड) छैटौं भए।

दौडमा ४५ मिनेट १२ सेकेन्डमा निर्धारित दूरी पार गरी भोजपुरकी विनीता राई दोस्रो, भोजपुरकै जुही राई (४५ मिनेट ५० सेकेन्ड) तेस्रो, पाँचथरकी पुष्पा शेर्मा लिम्बू (४८ मिनेट ५० सेकेन्ड) चौथो, भोजपुरकी जुली राई (४८ मिनेट ३४ सेकेन्ड) पाँचौं र इलामकी यमुना लिम्बू (५१ मिनेट ३३ सेकेन्ड) छैटौं स्थान प्राप्त गर्न सफल भए।

प्रतियोगिता संयोजक समुन्द्रा लामाका अनुसार सो दौडमा महिला र पुरुषतर्फ प्रथम हुनेलाई रु ५० हजार, दोस्रोलाई रु २५ हजार, तेस्रोलाई रु १५ हजार, चौथोलाई रु पाँच हजार, पाँचौंलाई रु तीन हजार र छैटौंलाई रु दुई हजार पुरस्कार प्रदान गरिएको छ ।

पुरुषतर्फ पाँच किलोमिटर दौडमा सरोज सिंह पहिलो, ओसन राई दोस्रो, पवनकुमार साह तेस्रो, सुमन भण्डारी चौथो र केशव थापा पाँचौं भए। महिलातर्फ सुनकला राई पहिलो, नुसा लिम्बू दोस्रो, समीक्षा परियार तेस्रो, अनुसा धिमाल चौथो, मनिका मुर्मु पाँचौं र युनिशा लिम्बू छैटौं भए। सो दौडमा महिला र पुरुषतर्फ पहिलो हुनेलाई रु १५ हजार, दोस्रोलाई रु १० हजार, तेस्रोलाई रु पाँच हजार, चौथोलाई रु दुई हजार र पाँचौंलाई रु एक हजार पुरस्कार प्रदान गरियो। मानव हित संरक्षण मञ्चले उक्त दौड प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगिताको उद्घाटन कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरणमन्त्री नारायण बुर्जामगरले गरेका थिए ।

### डेङ्गीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाइबाट बच्न मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वीरगंजबाट कलैया जाँदै गरेको नवदीप एकेडेमीको ना.१क ८७५८ नम्बरको बस मोतिसर चोकमा शुक्रवार बिहान दुर्घटना भएको छ। दुर्घटनामा बसमा सवार एकजना शिक्षक घाइते भएका छन् भने विद्यार्थीहरू सुरक्षित छन् ।
तस्वीर: नितेश कर्ण